# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

वागमती प्रदेश लेखापरीक्षण निर्देशनालय


महालेखापरीक्षकको कार्यालय नेपाल २०१६

अर्थिक ४ मार्ग अध्ययन गरी कार्यार्थ २ ०७७/११/१२

पत्र संख्याः २०७७/७८
च.नं. ६९२

मितिः २०७७।११।११

विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
सुनकोशी गाउँपालिका,
सिन्धुली ।

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७६।७७ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७७।११।३ मा छलफल पश्चात् तयार गरिएको पाना ४३ (त्रीचालीस) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदादयित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी लेखाउत्तरदायी अधिकृत /कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

**बोधार्थ तथा कार्यार्थः**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार - प्रतिवेदन संलग्न छ ।

श्री जिल्ला समन्वय समिति,
सिन्धुली - प्रतिवेदन संलग्न छ ।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय,
मकवानपुर - प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
सिन्धुली - प्रतिवेदन संलग्न छ ।

२०७७।११।११

(गोविन्द प्रसाद धमला)
लेखापरीक्षण अधिकारी


Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
Web Page: www.oagnep.gov.np

# सुनकोशी गाउँपालिका, सिन्धुली
## आर्थिक वर्ष : २०७६/७७
## लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

| | | | | |
|---|---|---|---|---|
| कार्यालय प्रमुख | प्र.प्र.अ. श्री विकास सुन्दास | २०७६/४/१ | २०७७/३/३१ | ३१६०६७४४.०० |
| लेखा प्रमुख | ले.अ. श्री विपि लामा | २०७६/४/१ | २०७७/३/३१ | |

क० **स्थानीय सचित** कोष अर्थिक वर्ष २०७६/०७७ को स्थानीय संचित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५५,७९,४७,३१८.५० | ५४,८२,२२,६०१.७५ | | ५४,८२,२२,६०१.७५ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४०,४३,६८,२७८ | ४०,९४,५१,६००.२५ | ० | ४०,९४,५१,६००.२५ |
| ११००० कर | ११ | ९,६७,१०,००० | ६,४४,४३,१७२.५४ | ० | ६,४४,४३,१७२.५४ |
| १३००० अनुदान | | २९,७३,९०,००० | २९,६३,५०,००० | ० | २९,६३,५०,००० |
| संघीय सरकार | १२ | २७,५२,६१,००० | २७,४२,२१,००० | ० | २७,४२,२१,००० |
| प्रदेश सरकार | १२ | २,२१,२९,००० | २,२१,२९,००० | ० | २,२१,२९,००० |
| १४००० अन्य राजस्व | | १,०२,६८,२७८ | ४,८६,५८,४२७.७१ | ० | ४,८६,५८,४२७.७१ |
| ख. अन्य प्राप्ति | | १५,३५,७९,०४०.५० | १३,८७,७१,००१.५० | | १३,८७,७१,००१.५० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० |
| कोषहरु | | ६,७२,५८,४४०.५० | ५,१४,२४,०२७.५० | ० | ५,१४,२४,०२७.५० |
| धरौटी | | ० | २९,५६,५४८ | ० | २९,५६,५४८ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ८,६३,२०,६०० | ८,४३,९०,४२६ | ० | ८,४३,९०,४२६ |
| भुक्तानी (ग+घ) | | ६०,५२,३९,३६५.५० | ५०,२५,९९,२१५.५० | | ५०,२५,९९,२१५.५० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४५,१६,६०,३२५ | ३७,५७,७२,३४५ | | ३७,५७,७२,३४५ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १६,८२,४३,२६१ | १५,४१,१५,०१७ | ० | १५,४१,१५,०१७ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १२,००,५२,११३ | १०,०६,७४,९१५ | ० | १०,०६,७४,९१५ |
| २५००० सहायता (Subsidy) | १८ | ३९,९२,००० | ३०,५२,९९८ | ० | ३०,५२,९९८ |
| २६००० अनुदान | १८ | १०,४०,००० | २,९९,९६९ | ० | २,९९,९६९ |
| २७००० सामाजिक सुरक्षा | १८ | ११,५०,००० | ८,४९,३६६ | ० | ८,४९,३६६ |
| २८००० अन्य खर्च | १८ | ९,००,००० | ५,६४,९३० | ० | ५,६४,९३० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १५,६२,८२,९५१ | ११,६२,१५,१५० | ० | ११,६२,१५,१५० |
| घ. अन्य भूक्तानी | | १५,३५,७९,०४०.५० | १२,६८,२६,८७०.५० | | १२,६८,२६,८७०.५० |
| कोषहरु | | ६,७२,५८,४४०.५० | ४,१२,८४,८६२.५० | ० | ४,१२,८४,८६२.५० |
| धरौटी | | ० | ११,९१,५८२ | ० | ११,९१,५८२ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ८,६३,२०,६०० | ८,४३,९०,४२६ | ० | ८,४३,९०,४२६ |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (४०,०००) | | (४०,०००) |
| ङ. यो वर्षको बचत (न्युन) | | (४,७२,९२,०४७) | ४,५६,२३,३८६.२५ | | ४,५६,२३,३८६.२५ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ४,४८,६८,४८५.०६ | | ४,४८,६८,४८५.०६ |
| वर्षान्तको बाकी रकम (ङ+च) | | (४,७२,९२,०४७) | ९,०४,९१,८७१.३१ | | ९,०४,९१,८७१.३१ |
| बैंक तथा नगद बाकी | २४ | | ९,०४,९१,८७१.३१ | | ९,०४,९१,८७१.३१ |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस सुनकोशी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य, १५४.६८ वर्ग किलोमिटर क्षेत्रफल तथा २१४७३ जनसंख्या रहेको छ । | |
| | **लेखापरीक्षणको क्रममा दाखिलाः** लेखापरीक्षणको क्रममा गिट्टी, ढुङ्गा, बालुवा बापत अमानतबाट उठाइएको समेत रु.१,०८,८९६/- असुल भई दाखिला भएको छ । | |
| | • **वित्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :<br>• लेखापरीक्षणको क्रममा असार मसान्तको बैंक मौज्दात रु. ३,४२,२१,६७७.८१ र श्रेस्ता अनुसार रु.३,०२,६१,४५७.८१ भई रु.३९,६०,२२० ले फरक देखिएको छ ।उक्त फरक देखिएको रकम चेक साट्न बाँकीको विवरणमा रहेको छ। एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म.ले.प.फा. नं. २७२ अनुसार असार मसान्तको मौज्दात रु.९,०४,९१,८७१.३१ रहेको देखिन्छ। यसले गर्दा वित्तीय विवरणले आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन।<br>• वित्तीय प्रतिवेदनमा गत वर्षका विभिन्न कोषहरुको बाँकी मौज्दात रहेको रकम गत वर्षको जिम्मेवारी अ.ल्या. महलमा नदेखाई एकमुष्ठ रुपमा यस वर्षकै आम्दानीमा जोडेर देखाइएको छ ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्रास र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.५,५२,७६,६९०.९५ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा व्यवसाय करमा रु ३,९१,१८,१४०.७० र भौ नं १० बाट संचित कोषमा रु.१,६१,५८,५५०.२५ गरी जम्मा रु.५,५२,७६,६९०.९५ जिम्मेवारी सारेको देखियो। तर एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म.ले.प.फा. नं. २७२ अनुसार गत वर्षको जिम्मेवारी रु ४,४८,६८,४८५.०६ देखिएको छ। यसले गर्दा वित्तीय विवरणले आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन। | |
| ३. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । | |

| | | |
|---|---|---|
| | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाईएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• आर्थिक कार्यविधि नियामावली २०६४ को नियम ५० अनुसार जिन्सी निरिक्षण गर्नु पर्नेमा गरेको पाईएन । साथै जिन्सी खाताहरु समेत प्रमाणित गर्ने गरेको पाइएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। | |

- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको व्यवस्थित अभिलेख राखेको पाइएन ।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन ।
- पालिकामा विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि अधिकृतस्तरतर्फ ९ र सहायकस्तरतर्फ ३६ गरी ४५ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा सोही बमोजिम नै पदपुर्ति भएको छ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को नियम अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।
- निजामती सेवा ऐन, २०४९ को दफा बमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा बेरुजुको लगत तयार गरेको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ७ ऐन, २ नियमावली, ११ कार्यविधि र १३ निर्देशिका समेत ३३ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

- **योजना तर्जुमा, बजेट तथा कार्यक्रम**

४. **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री दिर्व सिं मोक्तान ले २०७६।०३।१० गते रु ३७ करोड ७ लाख ७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।०३।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

५. **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| १ | संघ | ४५९५५ | ३८३८ | १३२२५ | २८८९२ | १९४६६ |
| २ | प्रदेश | १९२९९ | २०० | ६२५१ | १२८४७ | ९१०३ |
| ३ | पालिका | २४३३४ | १७३४६ | २१६८ | ४८१९ | २४४ |
| ४ | अन्य | २६६२७ | ३५६५ | ४९४४ | १८११९ | १३९९६ |
| | कूल खर्चः | ११६२१५ | २४९४९ | २६५८८ | ६४६७७ | ४२८०९ |
| | खर्च प्रतिशत | १०० | २१.४७ | २२.८८ | ५५.६५ | ३६.८३ |

वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

६. **क्षेत्रगत बजेट र खर्च**- स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७६/७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ५,१३,२५,५७४ | ३,३०,२२,९८३ | ८.८० |
| सामाजिक क्षेत्र | २१,६७,०९,२९९ | १८,६३,७४,६६६ | ४९.६० |
| पूर्वाधार विकास क्षेत्र | ६,००,५२,३७७ | ४,८५,८२,२६९ | १३.०० |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ७३,०३,००० | ६५,५५,६२१ | १.९० |
| कार्यालय सञ्चालन तथा | ११,६२,७०,०७५ | ९,९२,३६,८०६ | २६.७० |

| | | | |
|---|---|---|---|
| प्रशासनिक खर्च | | | |
| **जम्मा** | ४५,१६,६०,३२५ | ३७,५७,७२,३४५ | १०० |

उल्लिखित विवरणबाट सामाजिक क्षेत्रमा ४९.६० प्रतिशत र पूर्वाधार विकास क्षेत्रमा १३ प्रतिशत खर्च भएको छ।

६.१. **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.३,३८,२०,३००.२८ राजस्व बाँडफाँडबाट रु.६,३८,११,४०९.३८ र अनुदान रु.३०,२५,२८,२१२/- (प्रदेश समपुरक अनुदान रु.६१,७८,२१२/- समेत) जम्मा रु ४०,०१,५९,९२१.६६ आम्दानी भएकोमा चालु तर्फ रु २५,९५,५७,१९५/- र पूँजिगत तर्फ रु११,६२,१५,१५०/- समेत रु ३७,५७,७२,३४५/- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ९ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु ६१,९२,६७७/- खर्च भएको छ जुन आन्तरिक आयको १८.३१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफा रकमबाट ६९.०७ प्रतिशत चालु र ३०.९३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।

७. **भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन :** भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ (१) मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीहरुले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको विल भरि भ्रमण प्रतिबेदन साथ आबश्यक बिल भरपाई सम्बन्धीत कार्यालयमा पेश गर्नुपर्नेछ भन्ने व्यहोरा उल्लेख छ । साथै नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरे पछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेकोमा भ्रमण अभिलेख राखेको छैन भने भ्रमण प्रतिबेदन समेत पेश गरेको देखिएन । साथै कार्यालयमा उपस्थित रहेको दिनमा समेत अनुगमन तथा भ्रमणमा खटिएको देखिन्छ । यसबाट अनुगमन तथा मुल्याङ्कन कार्यक्रम प्रभाबकारी भयो भन्ने आधार भएन । नियमाबलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्नुपर्दछ ।

८. **उपभोक्ता समिति छनौट** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समूदायले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्नसक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौता बाहेक सम्झौता पूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ ।

| | | |
|---|---|---|
| ९. | **उपभोक्ता समिति दर्ता** : संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिँदैन । गाउँपालिकाले यस वर्ष विभिन्न निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन । उक्त समितिहरु स्थानीय स्तरमा आयोजनाको बजेटको आधारमा अस्थायी रुपमा गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भारमा जिम्मेवार बनाउन कठिनाइ हुने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| १०. | **उपभोक्ता समिति** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता जुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी गर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन नगर्ने, योजना हस्तान्तरण हुने तथा खर्च सार्वजनिक गर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । | |
| ११. | **आयोजना हस्तान्तरण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७(१२) को उपनियम ११ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट संचालित आयोजनाहरु मध्ये उपभोक्ता समिति मार्फत संचालन भएका आयोजनाहरु सम्पन्न भैसके पश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत बर्ष देखि संचालन गरिएका कुनै पनि योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेत हस्तान्तरण गर्ने गरेको छैन । समयमानै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गर्ने कार्यमा गाउँपालिकाको ध्यान जानुपर्दछ । | |
| १२. | **ज्याला तथा निर्माण सामग्रीको दररेट** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ मा प्रत्येक जिल्लामा पुरै जिल्लाभरि वा जिल्लाको कुनै भागमा छुट्टै लागू हुने गरी निर्माण सामग्री र ढुवानीको दररेट, मेशिन तथा उपकरणको भाडा र कामदारको ज्याला निश्चित गर्न प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा एक समिति रहने, यस्तो दररेट निर्धारण गर्दा प्रचलित बजार दरलाई आधार लिनुपर्ने, हरेक वर्षको श्रावण महिनाभित्र त्यस्तो दररेट निर्धारण गरिसक्नुपर्ने र यसरी निर्धारित दररेटको सूचना प्रमुख जिल्ला अधिकारीले जिल्लाभित्रका सबै कार्यालयहरुमा पठाई सोको जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालय, महालेखापरीक्षकको कार्यालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रका कार्यालयलाई दिनुपर्ने व्यवस्था छ ।<br><br>यस गाउँपालिकाले सिन्धुली जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेट प्रयोग नगरी गाउँ कार्यपालिकाको मिति २०७५।४।१७ को निर्णयानुसार आफ्नो पालिका क्षेत्रभित्र लागू हुने गरी छुट्टै दररेट निर्धारण गरेको पाइयो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामग्री, ज्याला तथा महशूलको स्थानीय दररेट तोक्ने सक्ने व्यवस्था रहेको भए तापनि ज्याला तथा अधिकांश निर्माण सामग्रीको दररेट जिल्ला दररेट निर्धारण समितिले तय गरेकोभन्दा बढी रहेको पाइयो । दक्ष र अदक्ष कामदारको ज्यालाको स्वीकृत दररेट क्रमशः रु. ९९०।- र ७१५।- रहेकोमा यस गाउँपालिकाले क्रमशः रु. | |

| | | |
|---|---|---|
| | १२००।- र रु. ८००।- अर्थात् जिल्ला दरभन्दा क्रमशः २१.२१ प्रतिशत र ११.८९ प्रतिशत बढी रहेको छ । यस्तो दररेट निर्धारण गर्दा बजारमा प्रचलित दररेट, गत विगतको दररेट लगायतका पक्षलाई आधार लिने असल अभ्यास रहेको पाइन्छ । कार्यपालिकाले यस्तो दररेट निर्धारण गर्दा यस्ता पक्षलाई ध्यान दिन सकेको पाइएन । अतः निर्माण सामग्री तथा ज्यालाको दररेट निर्धारण गर्दा यस तर्फ ध्यान दिनुपर्ने देखिएको छ । | |
| १३. | **मर्मत सम्भार कोष** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ । साथै कार्यालयले विभिन्न आयोजना/कार्यक्रम सञ्चालन गर्न सम्वन्धित उपभोक्ता समितिसँग गरेको सम्झौतामा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिले लिनुपर्ने उल्लेख भए तापनि सम्पन्न आयोजना मर्मत सम्भारका लागि उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ । | |
| १४. | **हेभी इक्विपमेण्टको प्रयोग** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । नगरपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । | |
| १५. | **निर्माण कार्यको गुणस्तर** : गाउँ कार्यपालिकाद्वारा तर्जुमा गरी लागू गरिएको उक्त कार्यविधिको दफा १२ मा उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको गुणस्तर सुनिश्चित गर्नु सम्बन्धित उपभोक्ता समितिको कर्तव्य हुने, गुणस्तर सुनिश्चितता गर्नको लागि अन्य कुराहरुको अतिरिक्त निम्न विषयहरु पूर्ण रुपमा पालना गर्नुपर्ने व्यवस्था गरिएको छ :<br>• स्वीकृत ड्रइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम निर्माण सामग्रीको गुणस्तर कायम गर्नुपर्ने,<br>• कार्यालयसँग भएको सम्झौता बमोजिम निर्माण विधि र प्रकृयाको गुणस्तर कायम गर्नुपर्ने,<br>• उपभोक्ता समिति मार्फत् हुने कामको निर्धारित गुणस्तर कायम गर्ने जिम्मेवारी सम्बन्धित प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हने,<br>• योजनाको दिगोपनाको लागि सम्बन्धित उपभोक्ता समिति सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नुपर्ने ।<br>उपभोक्ता समिति मार्फत् कार्यान्वयन तथा सञ्चालन हुने निर्माण कार्यको गुणस्तर तथा दिगोपना कायम गर्ने सन्दर्भमा कार्यविधिले उपर्युक्तानुसारका व्यवस्था गरेको भए तापनि | |

| | | |
|---|---|---|
| | कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुनसक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ । | |
| १६. | **सडक नाला तथा बायो-इञ्जिनियरिङ्ग सम्बन्धमा** : सार्वजनिक निकायले निर्माण कार्य गर्दा गराउँदा सो को गुणस्तर तथा दिगोपना तथा वातावरणीय पक्षमा उचित ध्यान दिनुपर्दछ । सडक निर्माण (नयाँ ट्र्याक, सडक विस्तार तथा मर्मत/सम्भार) सँगसँगै पानीको निकासको लागि उपयुक्त साइजको नाला तथा भू-क्षय रोक्नका लागि बायो-इञ्जिनियरिङ्ग कार्य समेत गर्दै जानुपर्ने कार्यालयले सो तर्फ पर्याप्त ध्यान दिएको पाइएन । केही सडक योजनामा नालाको काम राखेको भए तापनि सडक खनिएको पुरा लम्बाइमा नगरिएको अवस्था छ भने बायो-इञ्जिनियरिङ्गको कार्य कुनै पनि योजनामा नभएको अवस्था छ । जसले गर्दा निर्माण गरिएको सडक वर्षात्मा सञ्चालनमा आउन नसक्ने, वर्षात्पछि उही सडक खण्डमा पुनः बजेट खर्च गर्नुपर्ने, भू-क्षय तथा भू-स्खलनले वातावरणीय पक्षमा प्रतिकूल असर पर्ने अवस्था रहेको छ । अतः उल्लिखत पक्षहरुमा गाउँपालिका कार्यालयको ध्यान जानुपर्दछ । | |
| १७. | **फाराम तथा अनुसूचीहरुको प्रयोग** : गाउँ कार्यपालिकाद्वारा तर्जुमा गरी लागू गरिएको "उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५" मा सार्वजनिक परीक्षण (अनुसूची ३), खर्च सार्वजनिक सूचना फाराम (अनुसूची ४), भौतिक तथा वित्तीय प्रगति (अनुसूची ६) लगायतका फाराम तथा अनुसूचीहरुको व्यवस्था गरिएको भए तापनि निर्माण कार्यको रनिङ्ग बिल तथा अन्तिम बिल भुक्तानी माग गर्दा उपभोक्ता समितिहरुले ती विवरणहरु पूर्णरुपमा भर्ने गरेको पाइएन । कतिपय फारमहरु खाली नै राखी दस्तखत मात्र गरेर पेश गर्ने गरेको पाइयो । अतः यस्ता फाराम तथा अनुसूचीहरु पूर्ण रुपमा भरी आएपछि मात्र भुक्तानी हुने गरी सार्वजनिक निर्माण कार्यमा सुदृढ आन्तरिक नियन्त्रणको व्यवस्था हुनुपर्दछ । | |
| | **आन्तरिक आयतर्फः** | |
| १८. | **रसीद नियन्त्रण खाता** : नगदी रसीदको प्रयोग गरी संकलन गरिने आम्दानीलाई ब्यवस्थित गर्न एवं नगदी रसीदको दुरुपयोग हुन नदिन स्वीकृत ढाँचामा रसीद नियन्त्रण खाता राख्नु पर्दछ । यस्तो खातामा प्राप्त भएका सबै रसीदहरुलाई सिलसिलेवार रुपमा रसीद नम्बर समेत जनाई अम्दानी गर्नुपर्ने र विभिन्न वडा कार्यालय तथा फाँटहरुमा वितरण गर्दा कुन कुन नम्बरको रसीद वितरण गरिएको हो नियन्त्रण खाताबाट घटाई छुट्टै रजिस्टरमा समेत जनाई दिनुपर्ने र प्रयोग भएका रसीदबाट उठेको रकम सुनिश्चत गरी दाखिला गराई रसीद फिर्ता लिनु पर्दछ । पालिकाले ढुङ्गा, गिट्टी, बालुवाबाट संकलन गरिने रकममा प्रयोग हुने रसीदहरुको रसीद नियन्त्रण खाता राखेपनि वडा कार्यालयहरुमा वितरण गरिने रसीदहरुको रसीद नियन्त्रण खाता राखेको छैन । जिन्सी खातामा मालपोत रसीद ३६ ठेली र नगदी रसीद ७२ ठेली आम्दानी गरेको देखिन्छ । सो रसीदमध्ये पनि केही १०० सम्मको प्याड देखिन्छ भने केही ५० को प्याड देखिन्छ । वडा नं.७ कार्यालयलाई रजिष्टरमा जनाई र.नं. २१०१ देखि २२०० सम्मको प्याड वितरण गरेको देखिन्छ भने सोही नम्बरभित्र पर्ने र.नं.२१५१ देखि २२०० सम्मको प्याड पालिकामा प्रयोग नभई खाली रहेको देखिन्छ । त्यसैगरी र.नं. १२०१ देखि १३०० सम्मको प्याड वडा नं.६ लाई वितरण गरेको देखिएकोमा र.नं.१२०१ देखि १२५० | |

| | | |
|---|---|---|
| | सम्म र १२५१ देखि १३०० सम्मको प्याड पालिकामा प्रयोग नभई खाली रहेको देखिन्छ । यसरी रसीद नियन्त्रण खाता ब्यवस्थित नगरेको कारणले कति कति नम्बरका रसीद छपाई गरिए, कति रसीद नम्बर दोहोरो भए, कति रसीद क-कसलाई प्रयोग गर्न दिइयो र सबै रसीदको आम्दानी पालिकाको खातामा जम्मा भयो या भएन भन्ने सन्दर्भमा यकिन गर्न सक्ने अवस्था भएन । यस सम्बन्धमा पालिकाले छानबिन गरी वास्तविकता पत्ता लगाई सबै आम्दानी प्राप्त भएको सुनिश्चित गर्नुपर्ने देखिन्छ । | |
| १९. | **आन्तरिक आय (ढुङ्गा, गिट्टी, बालुवा संकलन तथा उत्खनन् सम्बन्धी) ठेक्का** : पालिकाको २०७६।७७ को नीति, योजना तथा कार्यक्रम र बजेट अनुसार पालिकाको आन्तरिक कर ब्यवस्थापन गर्ने सम्बन्धमा सुनकोशी नदीबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् प्रशोधन तथा निकासीको शुल्क रु.२,९०,००,०००।- निर्णय भएको तर IEE को म्याद २०७६ असोज मसान्तमा समाप्त हुने भएकोले ठेक्का पुरा अवधी लगाउन नमिल्ने हुँदा हालसम्म अमानतबाट उठाइएको र मिति २०७६।९।२९ मा जिल्ला समन्वय समितिबाट सुनकोशी नदी (वडा नं.१, २ र ३) र (वडा नं. ५, ६ र ७) को दुईवटा प्याकेजको IEE स्वीकृत भएको हुँदा २०७७ बैशाख, जेठ र असार महिनाको लागि ठेक्का लगाउन उपयुक्त देखिएको हुँदा ३ महिनाको लागि रु.७२,५०,०००।- बराबरको ठेक्का लगाउन मनासिव देखिएको भनी गाउँपालिकाका अध्यक्षबाट टिप्पणी सदर भएको आधारमा पालिकाले मिति २०७६।११।१४ मा ठेक्का नं.१०-०७६।७७ सिलबन्दी बोलपत्र आव्हान गरेको देखिन्छ । तर तोकिएको अवधिमा कुनै पनि बोलपत्र फाराम बिक्री नै नभएको पालिकाले जनाएको छ । IEE को म्याद आश्विन मसान्तसम्म मात्र रहेको अवस्थामा समयमा IEE गराउनेतर्फ पालिकाले पहल गरेको देखिएन । त्यसैगरी जिल्ला समन्वय समितिबाट २०७६।९।२९ मा IEE स्वीकृत गरेको अवस्थामा समेत तत्काल ठेक्का प्रक्रिया शुरु नगरी २०७६।११।१४ मा मात्र बोलपत्र सूचना गर्नु उपयुक्त देखिएन । समयमा ठेक्का प्रक्रिया शुरु नगरेको कारण उक्त ठेक्का लाग्न नसकेको देखिन्छ । | |
| २०. | **अमानत कार्य** : सुनकोशी नदीबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, संकलन तथा निकासीका लागि IEE को म्याद २०७६ आश्विन मसान्तमा समाप्त भएको र जिल्ला विकास समितिबाट २०७६ पौष २९ मा पुनः IEE स्वीकृत गरेको देखिन्छ । पुरानो ठेक्काको अवधि असार मसान्तमा नै समाप्त भएको र नयाँ ठेक्का प्रक्रियाका लागि २०७६।११।१४ मा बोलपत्रको सूचना आव्हान गरेको र कुनै पनि बोलपत्र बिक्री नभएको भए पनि पालिकाले २०७६ श्रावण १ गतेदेखि २०७७ मसार मसान्तसम्म नै अमानतबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, संकलन तथा निकासी गरेको देखिन्छ । सो सम्बन्धमा निम्न ब्यहोरा देखिएको छ : | |
| २०.१. | प्रदेश आर्थिक ऐन, २०७६ को दफा ९, अनुसूची-५ अनुसार ढुङ्गा, गिट्टी, बालुवा आदिको संकलनमा प्रतिघनफिट रु.९ का दरले शुल्क लगाइने ब्यवस्था छ । पालिकाले यस वर्ष यस्ता वस्तुको संकलन, उत्खनन् र निकासीबाट रु.१,०९,३१,७७७।- असुल गरेको छ । तर पालिकाले कति परिमाणमा उक्त वस्तुहरु उत्खनन्, संकलन तथा निकासी गरेको हो सो खुल्ने गरी परिमाण यकिन तथा अभिलेख ब्यवस्थित गरेको छैन । प्राप्त नगदी रसीद परीक्षण गर्दा कतिपय रसीदमा कुन साधनबाट निकासी गरेको हो सो समेत नखुलाई रु.५०० देखि रु.३,०००।- सम्म रकम संकलन गरेको देखिन्छ ।त्यसैगरी कतिपय रसीदमा प्रतिट्रिपर रु.२,०००।- देखि रु.३,०००।- सम्म, प्रति निशान गाडी रु.१,०००।- देखि रु.१,०६०।- सम्म, प्रतिट्र्याक्टर रु.५००।- तथा साधन उल्लेख नै नगरी रु.५००।-, रु.१२००।- र रु.१६००।- समेत उल्लेख गरी रकम संकलन गरेको छ । यस्तो संकलन गर्ने कार्य शुरुमा | |

| | | |
|---|---|---|
| | विभिन्न बालुवा उद्योगहरुलाई नै नगदी रसीद उपलब्ध गराई संकलन गर्ने गरेकोमा २०७६ पौषदेखि पालिकाबाट करारमा कर्मचारी नियुक्त गरी नेपालथोक संकलन केन्द्र र खाल्टे संकलन केन्द्रबाट संकलन गर्ने गरेको पाइयो । कुन साधनमा कति घनफिट परिमाणमा सामान लोड गरेको हो र कति रकम संकलन गरिने हो यकिन नगरी एवं कुन दरले रकम संकलन गर्ने कुनै निर्णय नगरी विना आधार दर राखी रकम संकलन गरेको हुँदा प्राप्त हुनुपर्ने सबै रकम प्राप्त भए वा नभएको सम्बन्धमा यकिन गर्न सक्ने अवस्था भएन । | |
| २०.२. | ढुङ्गा, गिट्टी, बालुवाको संकलन, निकासी तथा बिक्रीबाट उठाइने रकममा मूल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार १३ प्रतिशतले हुने रकम असुल गरी संघीय राजस्व खातामा जम्मा गर्नुपर्ने ब्यवस्था छ । तर पालिकाले यसरी अमानतबाट संकलन गरेको रकम विभाज्य कोषमा जम्मा तथा बाँडफाँड गरी प्रदेश सञ्चित कोषमा दाखिला समेत गरेको भएपनि संकलित रकममा थप मूल्य अभिवृद्धि कर संकलन गरेको छैन । यसरी मूल्य अभिवृद्धि कर असुल नगरेबाट ढुङ्गा, गिट्टी, बालुवाबाट संकलित रु.१,०९,३१,७७७।- को मू.अ.कर बापत हुने रु.१४,२१,१३२।- नेपाल सरकारलाई नोक्सान भएको देखिन्छ । | |
| २१. | **रसीद फिर्ता नभएको** : अमानतबाट ढुङ्गा, गिट्टी, बालुवा बापतको शुल्क संकलन गर्नका लागि देहायबमोजिमका उद्योगहरुलाई रसीद उपलब्ध गराएकोमा अ.ब.को अन्त्यसम्म पनि रसीद फिर्ता भएको देखिएन । पालिकाले मिति २०७७।३।४ तथा २०७७।१०।८ को पत्रबाट रसीद र उठेको रकम फिर्ता गर्न पत्राचार गरेको भएपनि हालसम्म फिर्ता गरेको छैन । फिर्ता भएका सोही उद्योग तथा अन्य उद्योगहरुका रसीद परीक्षण गर्दा अधिकतम प्रतिट्रिपरको रु.३,०००।- असुल गर्ने गरेको देखिन्छ । सो असुलीलाई आधार लिंदा १०० वटा रसीद भएको प्रतिप्याडबाट अधिकतम रु.३,००,०००।- तथा ५० वटा रसीद भएको प्याडबाट रु.१,५०,०००।- सम्म रकम संकलन हुने देखिन्छ । तसर्थ ती रसीद प्याडहरु प्राप्त गरी संकलन भएको वास्तविक रकम असुल गर्नुपर्ने देखिन्छ । प्याड प्राप्त नभएको अवस्थामा देहायबमोजिमको अधिकत्तम रकम गणना गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ बमोजिम जरिवाना असुल हुनुपर्ने रु. --- | २८०५०००.०० |

| क्र.सं. | रसीद बुझ्ने ब्यक्ति/फर्म/उद्योग | र.नं. | | प्याड संख्या | अधिकतम संकलन हुने रकम | जरिवाना समेत हुनुपर्ने |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | | | |
| १. | जय तृष्णा बालुवा उद्योग | ०१ | १०० | १ | ३०००००.०० | ३३००००.०० |
| २. | महाकाली बालुवा उद्योग | १८०१ | १९०० | १ | ३०००००.०० | ३३००००.०० |
| ३. | ओम बुद्ध बालुवा उद्योग | ३५०१ | ३६०० | १ | ३०००००.०० | ३३००००.०० |
| ४. | सुनकोशी बालुवा वासिङ्ग प्रा.लि. | १२०१ | १३०० | १ | ३०००००.०० | ३३००००.०० |
| ५. | सादी सुनकोशी वासिङ्ग बालुवा उद्योग | २६०१<br>४६०१ | २७००<br>४७०० | २ | ६०००००.०० | ६६००००.०० |
| ६. | चुनदेवी बालुवा उद्योग | ३४०१ | ३५०० | १ | ३०००००.०० | ३३००००.०० |
| ७. | मूलकोट बालुवा उद्योग | ६०१<br>६५०१ | ७००<br>६५५० | २ | ४५००००.०० | ४९५०००.०० |
| | **जम्मा:** | | | | **२५५००००.००** | **२८०५०००.००** |

| | | |
|---|---|---|
| २२. | **ढिला दाखिला** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलीपल्ट यथास्थानमा दाखिला नगरेमा सम्बन्धित कार्यालय प्रमुखले १० दिनभन्दा बढी ढिलो गरेको भए १० | |

<table>
<tr><td></td><td>प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार विभागीय कारबाही समेत गर्न गराउन सक्ने ब्यवस्था छ । देहायबमोजिमका उद्योगहरुलाई ढुङ्गा, गिट्टी, बालुवा बापत रकम संकलन गर्न दिइएको नगदी रसीदको आम्दानी अ.ब.को अन्त्यसम्म पनि पालिकामा दाखिला नगरी देहायबमोजिम ढिला दाखिला गरेको हुँदा नियमानुसारको जरिवाना असुल हुनुपर्ने रु. ---</td><td>४७३४०.००</td></tr>
<tr><td></td><td>
<table>
<tr><th>क.सं.</th><th>रकम संकलन गर्नेको नाम</th><th colspan="2">प्रयोग रसीद नम्बर</th><th>उठेको रकम</th><th>रकम संकलन मिति</th><th>दाखिला मिति</th><th>जरिवाना</th></tr>
<tr><td>१.</td><td>सृष्टी एण्ड सुनकोशी बालुवा उद्योग</td><td>२०१</td><td>३००</td><td>२३९९००.००</td><td>२०७६।४।२-२।१०</td><td>२०७७ श्रावण</td><td>२३९९०.००</td></tr>
<tr><td>२.</td><td>लर्ड बुद्ध क्रेटिभ</td><td>४४०१</td><td>४५००</td><td>११५००.००</td><td>२०७६ कार्तिक-माघ</td><td>२०७७ श्रावण</td><td>११५०.००</td></tr>
<tr><td>३.</td><td>मिलन क्रसर उद्योग</td><td>३१०१</td><td>३२००</td><td>२२०००.००</td><td>२०७६।५।१३-२०</td><td>२०७७ श्रावण</td><td>२२००.००</td></tr>
<tr><td rowspan="2">४.</td><td rowspan="2">ल्हानाम मोक्तान (नेपालथोक संकलन केन्द्र</td><td>८६०१</td><td>८६५०</td><td>१०००००.००</td><td>२०७७।२।४-२३</td><td>२०७७ श्रावण</td><td>१००००.००</td></tr>
<tr><td>८८०१</td><td>८८५०</td><td>१०००००.००</td><td>२०७७।१।३१-२।१२</td><td>२०७७ श्रावण</td><td>१००००.००</td></tr>
<tr><td></td><td>जम्मा:</td><td></td><td></td><td></td><td></td><td></td><td>४७३४०.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२३.</td><td>रसीद फिर्ता नभएको : नेपालथोक संकलन केन्द्रका ल्हानाम मोक्तानले बुझी लगेको र.नं.८६५१-८७०० सम्मको रसीद फिर्ता भएको नदेखिएकोले सो रसीदवाट अधिकतम प्रतिट्रिपर रु.३,०००।- ले संकलन हुने रु.१,५०,०००।- देखिन्छ । तसर्थ उक्त रसीद प्याड प्राप्त गरी संकलन भएको वास्तविक रकम असुल गर्नुपर्ने देखिन्छ । प्याड प्राप्त नभएको अवस्थामा अधिकत्तम रकम गणना गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ बमोजिम १० प्रतिशत जरिवाना समेत थप गरी असुल हुनुपर्ने रु. ---</td><td>१६५०००.००</td></tr>
<tr><td>२४.</td><td>आन्तरिक आय ठेक्का (पशुपंक्षी, मृत जीव जन्तुको हाड, सिङ्ग, प्वाँख, छाला तथा कु-काठ निकासी पैठारी : पालिकाले यस आय ठेक्काका लागि न्यूनतम रु.५,००,०००।- बोल कबोल अंक कायम गरी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना गरेकोमा ३ वटा दरभाउपत्र पेश भई सबैभन्दा बढी कबोल गर्ने मोक्तान निर्माण सेवाको कबोल अंक रु.५,१०,०००।- (मू.अ.कर सहित) लाई स्वीकृत गरी मिति २०७६।५।१ मा सम्झौता भएको र उक्त निर्माण सेवाले सम्झौता अनुसारको रकम २०७६।५।१ मा नै दाखिला गरेको छ । दाखिला भएको रकमको मू.अ.कर रु.५८,६७३।- समेत रहेकोमा उक्त रकम पालिकाको संचित कोषमा रहेकोले मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम सम्बन्धित संघीय राजस्व शीर्षकमा दाखिला हुनुपर्ने रु. ---</td><td>५८६७३.००</td></tr>
<tr><td>२५.</td><td>आन्तरिक आय ठेक्का (फोहोर मैला ब्यवस्थापन) : पालिकाले यस आय ठेक्काका लागि न्यूनतम रु.१,५०,०००।- बोल कबोल अंक कायम गरी सिलबन्दी दरभाउपत्रको सूचना आव्हान गरेकोमा ३ वटा दरभाउपत्र पेश भई सबैभन्दा बढी कबोल गर्ने शुरुवात रिसाइकल्स फर ग्रीन इन्भाइरोमेन्ट प्रा.लि.को कबोल अंक रु.१,५१,४२०।- (मू.अ.कर सहित) लाई स्वीकृत गरी सम्झौता भएको र सम्झौता अनुसारको रकम मिति २०७६।८।९ मा दाखिला गरेको छ । दाखिला भएको रकम मू.अ.कर रु.१७,४२०।- समेत रहेकोमा उक्त रकम पालिकाको संचित कोषमा रहेकोले मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम सम्बन्धित संघीय राजस्व शीर्षकमा दाखिला हुनुपर्ने रु. ---</td><td>१७४२०.००</td></tr>
</table>

| | | |
|---|---|---|
| २६. | **आन्तरिक आय ठेक्का (विज्ञापन कर)** : पालिकाले यस आय ठेक्काका लागि न्यूनतम रु.२,००,०००।- बोल कबोल अंक कायम गरी मिति २०७६।४।१३ मा सिलबन्दी दरभाउपत्रको सूचना आव्हान गरेकोमा ६ वटा दरभाउपत्र पेश भई सबैभन्दा बढी कबोल गर्ने आकृति एड्भरटाइजिङ्ग विराटनगरको मू.अ.कर सहित रु.९,०४,०००।- लाई स्वीकृत गर्ने निर्णय गरी मिति २०७६।५।९ गते सम्झौता गर्न आउनको लागि पत्राचार भएको छ । उक्त एड्भरटाइजिङ्गले मिति २०७६।५।१६ मा पालिकाको खातामा मू.अ.कर बाहेकको रकम रु.८,००,०००।- जम्मा गरेको भएपनि सम्झौता गर्न नआएको पालिकाले जनाएको छ । यसरी सम्झौता गर्न नआएको कारण उक्त एड्भरटाइजिङ्गले कबोल गरेको अंकमा मूल्य अभिवृद्धि कर बापतको रु.१,०४,०००।- दाखिला हुन नआएको देखियो । | |
| | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| २७. | **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले सबइन्जिनियर, अनमी, सहायक कम्प्युटर अपरेटर तथा कार्यालय सहयोगी जस्ता पदमा कर्मचारीहरु करारमा राखी रु.८२,७३,९४०/- खर्च लेखेको छ । | |
| २८. | **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु. ५,००,०००/- ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । | |
| २९. | **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। पालिकाको प्रशासनिक खर्च निर्देशिका, २०७६ अनुसार मासिक कार्यघण्टाको आधारमा विभिन्न कर्मचारीलाइ यस वर्ष रु.१३,८१,५४०/- प्रोत्साहन भत्ता खर्च लेखेको छ । | |
| ३०. | **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ८ र यो वर्ष थप भएको ३३ गरी कुल ४१ विवाद दर्ता भएकोमा ३५ वटा मात्र फछ्र्यौट भई ६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ३१. | **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ मात्र रु.१७,५३,६१९/- खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |

| | | |
|---|---|---|
| ३२. | **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले क्यान्सर पिडितलाई सहयोग, असहाय तथा बिरामीलाई सहायता प्रयोजनको लागि यो वर्ष रु.६,२८,५००/- आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| | • **अनुदान प्राप्ति, वितरण** | |
| ३३. | **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले धानको बिउ अनुदानमा रु.९,७६,०८०/- तथा कृषि कार्यक्रममा रु.१९,७१,०६१/- पशु विकास कार्यक्रममा रु.१९,९८,५७३/- गरी जम्मा रु ४९,४५,७१४/- खर्च लेखेको छ। तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३४. | **अनुत्पादक खर्च** - सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.२०,४१,६६२/- खर्च गरेको देखिन्छ । | |

| सि.नं. | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | श्री रेडियो महाभारत | तीज कार्यक्रम गर्न | १,००,०००/- |
| २ | नेपाल आदिवासी जनजाती महासंघ | माघी पर्व मनाउन | ३०,०००/- |
| ३ | सुनकोशी दलित सेवा समिति | विविध कार्यक्रम संचालन गर्न | ३,९२,६९३/- |
| ४ | सुनकोशी गाउँपालिका खेलकुद विकास समिति | विभिन्न समयमा खेलकुद सञ्चालन | १५,१८,९६९/- |
| | जम्मा | | २०,४१,६६२/- |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

| | | |
|---|---|---|
| | **गाउँपालिका पूँजीगत** | |
| ३५. | **गाउँपालिलका ब्यवसायिक भवन निर्माण** : मिति २०७६।६।३० भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७५।१२।७ मा निर्माण ब्यवसायी श्री भद्रकाली/जगतमैया/नमोबुद्ध जे.भी.सँग मू.अ.कर समेत रु.७०,१७,८६०।११ को सम्झौता भएको थियो । निर्माण ब्यवसायीले तोकिएको अवधि भित्रै काम सम्पन्न गरी मिति २०७६।६।१४ मा अन्तिम बिल भुक्तानीका लागि निवेदन दिएको आधारमा पालिकाले सोको प्राविधिक मूल्याङ्कन पश्चात भौ.नं.१७-०७६/६/१५ बाट अन्तिम बिल बापत रु.३९,०३,९९७।- भुक्तानी गरेको भौचर परीक्षणबाट निम्न ब्यहोरा देखिएको छ : | |
| ३५.१. | निर्माण ब्यवसायीले BOQ मा प्रोभिजनल सम अन्तर्गत इन्सुरेन्स बापत रु.९१,७००।- उल्लेख गरे पनि सम्झौता गर्दा प्रोभिजनल सम बाहेकको रकममा मात्र सम्झौता भएको देखियो । निर्माण ब्यवसायीलाई अन्तिम बिल भुक्तानी गर्दा प्रोभिजनल सम अन्तर्गतको इन्सुरेन्स बापत रु.१५,८८३।- भुक्तानी गरेकोमा इन्सुरेन्स गरेको प्रमाण तथा बिल पेश नभएकोले उक्त रकम असुल हुनुपर्ने रु. --- | १५८८३.०० |
| ३५.२. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाका बखत | |

पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई भेरिएशन जारी गर्नुपर्ने भएमा नियमावलीमा भएको प्रकृया पूरा गरी जारी गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपर्युक्त कार्य अन्तर्गत देहायका अइटमहरुमा शुरु सम्झौता गर्दाको भन्दा फरक परिमाणमा कार्य गराएकोमा भेरिएशन आदेश स्वीकृत गरेको नपाइएको रु. --- ६६९७१.००

| आइटम नं. | कामको विवरण | सम्झौता परिमाण | सम्पन्न परिमाण | सम्झौता रकम | सम्पन्न रकम | फरक रकम (मू.अ.कर बाहेक) |
|---|---|---|---|---|---|---|
| ३.२ | ढुङ्गाको गाह्रो १:६ | ५३.११ घ.मी. | १००.५६ घ.मी. | २८२८११ | ५३५४८२ | २५२६७१.०० |
| ४.१ | पी.सी.सी.१:२:४ | ५३.६६ घ.मी. | ६१.५० घ.मी. | ३४२८८७ | ३९२९८५ | ५००९८.०० |
| ६.१ | टी.एम.टी. स्टील बार | २७७८९ के.जी. | २५०२१.४२ | २३६७६२३ | २१३१८२५ | (२३५७९८) |
| | जम्माः | | | | | ६६९७१.०० |

३६. **बढी भुक्तानी** : उपभोक्ता समितिबाट गराइएका कामको भुक्तानी गर्दा तोकिएका काम सम्पन्न पश्चात सम्झौतामा उल्लेख भएबमोजिम भुक्तानी गर्नुपर्दछ । वडा नं.४ का विभिन्न सडक कार्यको उपभोक्ता समितिलाई भुक्तानी गर्दा गाउँपालिकाबाट भुक्तानी हुने रु.३,००,०००।- मा ४ प्रतिशतले हुने रु.१२,०००।- कन्टिन्जेन्सी कट्टी गरी बाँकी रकम भुक्तानी गर्ने गरी लागत अनुमान तयार गरी सम्झौता भएकोमा कन्टिन्जेन्सी कट्टी नगरी एवं सो रकम बराबरको काम समेत नगरी भुक्तानी भएकोले उक्त रकम असुल हुनुपर्ने रु. --- १२०००.००

३७. **सफ्टवेयर खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) अनुसार सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीसलाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने व्यवस्था छ । त्यसैगरी पालिकाले सोही नियमावलीको नियम ८५(१ख) मा एक अर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु.५ लाखभन्दा बढीको एउटै ब्यक्ति, फर्म वा संस्थाबाट खरिद गर्न नहुने व्यवस्था छ । यस वर्ष देहायबमोजिमका सफ्टवेयर खरिद गर्दा खरिद योजना नबनाई खुला कोटेशनबाट खरिद गरेको छ । एउटै खरिद प्याकेज बनाई सिलबन्दी दरभाउपत्र आव्हान गरी प्रतिस्पर्धात्मक रुपमा गर्न सकिने काम सीमाभन्दा बढी समेत हुने गरी सोझै खरिद गर्नु नियमसम्मत नदेखिएको रु. --- १३४२२२९.००

| भौ.नं. र मिति | विवरण | आपूर्तक | भुक्तानी रकम |
|---|---|---|---|
| १२-०७६/६/१४ | सातवटै वडा कार्यालयमा सम्पत्ती कर तथा वेभमा स्तरोन्नती र डाटा माइग्रेशन कार्य | इको प्लस प्रा.लि. | ४९८३३०.०० |
| १२-०७६/६/१४ | योजना ब्यवस्थापन सफ्टवेयर प्रणाली | सर्च सफ्ट नेपाल प्रा.लि. | ३७२९००.०० |
| ४१-०७६/९/२७ | सबै वडा कार्यालयमा सिफारिस प्रमाण पत्र ब्यवस्थापन प्रणाली सफ्टवेयर | सर्च सफ्ट नेपाल प्रा.लि. | २२६००००.०० |
| १४७-०७७/३/१६ | पे-रोल सिष्टम सफ्टवेयर | सफ्टटेक इन्फोसिस प्रा.लि. | २४४९९९.०० |
| | जम्माः | | १३४२२२९.०० |

| | | |
|---|---|---|
| | यस सम्बन्धमा छलफल गर्दा आवश्यकतानुसार पटक पटक खरिद गरिएकोमा सबै सफ्टवेयरहरु प्रयोगमा आएको कार्यालयको भनाई रहेको छ । | |
| ३८. | **एम्बुलेन्स खरिद** : नेपाल रेडक्रस सोसाइटी सुनकोशी उपशाखा सिन्धुली र यस पालिकाबीच मिति २०७६/५/३० मा सम्झौता भई एम्बुलेन्स खरिद कार्यका लागि भौ.नं. ७ मिति २०७६/६/९ मा रु.१२,००,०००/- अनुदान स्वरुप उपलब्ध गराएको देखिन्छ । सम्झौताको शर्तको बुँदा नम्बर १ मा खरिद कार्य सम्पन्न भई सकेपछि सो खरिद प्रक्रियाको सम्पूर्ण प्रक्रियागत कागजात छायाप्रति एकथान यस कार्यालयमा बुझाउनु पर्ने, बुँदा नम्बर ५ मा एम्बुलेन्स सेवा सञ्चालनका सम्बन्धमा भएको सेवाको प्रतिवेदन त्रैमासिक रुपमा र आय-व्यय वार्षिक रुपमा पहिलो पक्षलाई बुझाउनु पर्ने एवं एम्बुलेन्स सञ्चालनबाट भएको आय-व्ययको नियमानुसार लेखापरीक्षण गराई सोको प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्ने लगायतका प्रावधान राखिएकोमा कुनै पनि कागजात लेखापरीक्षणमा पेश नभएको रु. --- | १२०००००.०० |
| ३९. | **मुलकोट नाङ्गेडाँडा लिफ्ट सिंचाई खानेपानी योजना** : भौ.नं. ५१-०७६/९/२८ बाट यस सिंचाई योजनाका लागि यस वर्ष रु.१४,०१,१६२/- को लागत अनुमान तयार गरी उक्त कार्य उपभोक्ता समिति मार्फत गराउन मिति २०७६/७/२१ मा गाउँपालिकाले रु.१२,००,०००/- ब्यहोर्ने गरी सम्झौता भएबमोजिम ४ प्रतिशत कन्टिन्जेन्सी कट्टी गरी रु.११,५२,०००/- भुक्तानी गरेको छ । सो सम्बन्धमा देखिएका ब्यहोरा देहायबमोजिम छन् : | |
| ३९.१. | योजना अन्तर्गत निम्न लिखित मेशिनरी उपकरण खरिद भएकोमा सोको वारेन्टी/ग्यारेन्टी, गुणस्तर परीक्षण प्रतिवेदन पेश हुन आएन । अतः त्यस्ता उपकरणहरुको वारेन्टी/ग्यारेन्टी, गुणस्तर परीक्षण प्रतिवेदन लिई गुणस्तर आस्वस्थता प्राप्त गर्नुपर्दछ । | |

| मेशिन उपकरणको विवरण | कुल मूल्य |
|---|---|
| 15 kw/20 HP Pump Set र सोसँग सम्बन्धित सामान | ९४१४३१.०० |
| Lubi Solar Model 260 watt | ३२११००.०० |

| | | |
|---|---|---|
| ३९.२. | पालिकाले उक्त कार्यको प्राविधिक मूल्याङ्कन समेत गरी रु.१४,३३,०३१/- को कार्यसम्पन्न भएको प्रतिवेदन तयार गरेको छ । खरिद विलमा र सम्पन्न प्रतिवेदनमा Transportation and Installation खर्च एकमुस्ट रुपमा रु.१,६९,५००/- समेत उल्लेख छ । तर उक्त उपकरणहरु हालसम्म जडान नभई खरिद मात्र गरेको फोटो तथा लेखापरीक्षण क्रममा जानकारी प्राप्त भयो । यसरी सामग्री मात्र खरिद गरेको र जडान नभएको अवस्थामा कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु उचित देखिएन । यस सम्बन्धमा छलफल गर्दा विगतमा पहिलो स्टेपसम्म सम्पूर्ण काम सम्पन्न भई सो स्थानसम्म पानी पुगीसकेको तर हाल दोस्रो स्टेपमा ट्यांकी निर्माण कार्य नभएकोले जडान हुन नसकेको र ट्यांकी निर्माणका लागि टेण्डर प्रक्रियामा रहेको र ट्यांकी निर्माण पश्चात सामान आपूर्तकले थप शुल्क नलिई जडान गरी दिने कार्यालयको भनाई रहेको छ । यसरी ट्यांकी निर्माण नै नगरी पम्पसेट, सोलार प्यानल लगायतका सामान खरिद गरी जडान खर्च समेत भुक्तानी गर्नु नियमसम्मत नदेखिएकोले जडान लगायतका सम्पूर्ण कार्य सम्पन्न भएको प्रमाण पेश हुनुपर्ने रु. --- | ११५२०००.०० |
| ४०. | **बढी दररेट राखी भुक्तानी** : उपभोक्ता समितिबाट गराइने कार्यको सम्झौता तथा स्वीकृत दररेट अनुसार सम्पन्न कामको भुक्तानी गर्नुपर्दछ । सिंचाईका लागि सिमेन्ट, पाइप खरिद कार्य उपभोक्ता समितिलाई Earth Work Excavation in Pipe Line कार्यको भुक्तानी गर्दा सम्पन्न काम ३०.४२ घनमिटरको प्रति घ.मी.स्वीकृत दर रु.४१२/- का दरले रु.१२,५३३/- भुक्तानी हुनुपर्नेमा रु.१,६४८/- का दरले भुक्तानी गरी प्रतिघनमिटर रु.१,२३६/- ले हुने | ३७६११.०० |

| | | |
|---|---|---|
| | रु.३७,६११/- बढी भुक्तानी भएको हुँदा उक्त रकम असुल हुनुपर्ने रु. --- | |
| ४१. | **बढी दररेट राखी भुक्तानी** : उपभोक्ता समितिबाट गराइने कार्यको सम्झौता तथा स्वीकृत दररेट अनुसार सम्पन्न कामको भुक्तानी गर्नुपर्दछ । गुठबजार लिफ्ट सिंचाई उपभोक्ता समितिलाई Stone Masonry Wall कार्य ९.४४ घनमिटरको प्रतिघनमिटर रु.१०,८६७/२६ का दरले भुक्तानी भएको छ । सो कार्यको लागत अनुमान तथा नापी किताबमा बालुवा, सिमेन्टको अनुपात कति भन्ने खुलाएको छैन । त्यस्तै कति दूरीबाट ढुङ्गा ल्याउने हो सो समेत उल्लेख छैन । खोलाको किनारमा रहेको पम्प हाउस निर्माणको सुरक्षाको लागि उक्त गाह्रो लगाउने कार्य भएको र उक्त स्थानमा नै ढुङ्गा उपलब्ध हुने देखिएकोले १० मिटरसम्मको दूरीबाट ढुङ्गा उपलब्ध हुँदा स्वीकृत दर प्रति घ.मी.रु.८,१४३/३२ ले भुक्तानी हुनुपर्ने देखिएकोले प्रति घ.मी.रु.२,७२३/९४ ले बढी भुक्तानी भएको हुँदा ९.४४ घ.मी.को हुने रु.२५,७१४/- बढी भुक्तानी रकम असुल हुनुपर्ने रु. --- | २५७१४.०० |
| ४२. | **रातामाटा लिफ्ट सिंचाई योजना** : पालिकाले यस सिंचाई योजनाका लागि कूल रु.१०,४८,९९९/४५ को लागत अनुमान तयार गरी पालिकाबाट रु.९,००,०००/- मा ४ प्रतिशत कन्टिन्जेन्सी कट्टा गरी रु.८,६४,०००/- तथा बाँकी उपभोक्ताले ब्यहोर्ने गरी सम्झौता भएबमोजिम रु.१०,६५,९९९/- को काम सम्पन्न गरेको देखाई सम्झौता अनुसारको रकम भौ.नं.१६६ मिति २०७७/३/२४ बाट उपभोक्ता समितिलाई रु.८,६४,०००/- भुक्तानी गरेको छ । उक्त सम्पन्न कामको प्राबिधिक लागत अनुमानमा GI Pipe (6") ६१ र.मी. लाग्ने अनुमान गरी सोको दर रु.१६,९९९/९९ कायम गरी सोही बमोजिम उपभोक्ता समितिलाई भुक्तानी गरेको छ । उक्त पाइपको दर के आधारमा तयार गरेको हो सोको दर विश्लेषण सहितको प्राबिधिक पुष्ट्याई पेश नभएको हुँदा प्राबिधिक पुष्ट्याई सहितको प्रमाण पेश हुनुपर्ने रु. --- | ८६४०००.०० |
| ४३. | **बाह्रविसे सिंचाई तथा ठेडी कुलो मर्मत** : पालिकाले यस योजनाका लागि रु.३,४५,७९३/- को लागत अनुमान तयार गरी पालिकाबाट ब्यहोरिने अंश रु.३,००,०००/- मा ४ प्रतिशत कन्टिन्जेन्सी कट्टी गरी रु.२,८८,०००/- उपभोक्ता समितिलाई भुक्तानी गर्ने र बाँकी काम उपभोक्ता समितिबाट गर्ने सम्झौता भएबमोजिम प्राबिधिक मुल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.३,४५,७९३/- बराबरकै काम सम्पन्न गरी भौ.नं.२०२ मिति २०७७/३/२९ बाट रु.२,८८,०००/- भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका थप ब्यहोरा देहाय बमोजिम छन् : | |
| ४३.१. | पेश भएको लागत अनुमान, नापी किताब, प्राबिधिक बिल तथा कार्यसम्पन्न प्रतिवेदन अनुसार देहाय बमोजिमका कार्यमा उल्लेख भएको दर के कसरी निर्धारण गरिएको हो सो खुल्ने दर विश्लेषण पेश भएन । यस सम्बन्धमा दर विश्लेषण सहित प्राबिधिक पुष्ट्याई पेश हुनुपर्ने रु. -- | १७८०००.०० |

| क्र.सं. | कामको विवरण | परिमाण | इकाई | दर | रकम |
|---|---|---|---|---|---|
| १. | 6" thick, 12" hight, 84" innerdia Rcc well ring | २७ | गोटा | ४०००.०० | १०८०००.०० |
| २. | form work | - | लमसम | १००००.०० | १००००.०० |
| ३. | Installation of Ring Using Machine and Man | - | लमसम | ४००००.०० | ४००००.०० |
| ४. | Transportation | २ | पटक | १००००.०० | २००००.०० |
| | | | जम्मा: | | १७८०००.०० |

| | | |
|---|---|---|
| ४३.२. | लागत अनुमान तथा नापी किताबमा ३ इन्चको एच.डी.पी. पाइप ४६० मी. उल्लेख गरी प्रति रनिङ्ग मिटर रु.२७७/२३ का दरले भुक्तानी गरेको छ । तर उक्त पाइप कति प्रेसर क्षमताको हो उल्लेख छैन । उपभोक्ताले दिवस ट्रेडिङ्गबाट खरिद गरेको बिलमा समेत ३ इन्च कालो पाइप मात्र उल्लेख छ र जसको दर प्रति रनिङ्ग मिटर मू.अ.कर समेत रु.१९२/९५ मात्र रहेको छ । यसरी लागत अनुमान तथा नापी किताबमा समेत कति प्रेसर क्षमताको उल्लेख नभएको अवस्थामा उपभोक्ताले खरिद गरेको दरभन्दा प्रति र.मी.रु.१४७/२८ का दरले ४६० र.मी.को हुने रु.६७,७४८/- मा उपभोक्ता समितिको २० प्रतिशत योगदान रु.१३,५५०/- घटाई बाँकी हुने रु.५४,१९८/- बढी भुक्तानी भएको हुँदा उक्त रकम असुल हुनुपर्ने रु. --- | ५४१९८.०० |
| ४४. | **उद्यमशीलता विकास तालिम** : यस गाउँपालिकाको आर्थिक तथा प्राविधिक सहयोगमा उद्यमशीलता विकास तालिम कार्यक्रम सञ्चालन गर्नको लागि जिल्ला लघु उद्यमी संघ सिन्धुली र यस पालिकाबीच मिति २०७६/३/३० मा काम सम्पन्न गर्ने गरी मिति २०७६/१/६ मा रु.१९,९८,०००/- को सम्झौता भएको थियो । सम्झौता अनुसार उक्त संस्थालाई गत आ.ब. मा दिएको पेश्की रु.३,९६,०००/- फछ्र्यौट गरी भौ.नं. ३ मिति २०७६/६/९ बाट रु.१४,१८,०००/- भुक्तानी गरेको छ । सो सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् : | |
| ४४.१. | सम्झौता अनुसार उद्यमशीलता विकास सम्बन्धी विभिन्न तालिम कार्यक्रमहरु मिति २०७६/३/३० भित्र सम्पन्न गर्ने गरी सम्झौता भएकोमा उद्यमशीलताको प्रक्रिया पुरा गरी लामो समयको तालिम ढाका सिलाई बुनाई र फाइवर झोला जस्ता तालिम तीन महिनासम्म सञ्चालन गर्नुपर्ने भएकोले प्राविधिक कठिनाइको कारणले तोकिएको समयमा तालिम सम्पन्न हुन नसकेको हुँदा २०७६/६/१० सम्मको लागि म्याद थप गरी दिन उक्त संघले मिति २०७६/३/२० मा म्याद थप माग गरेको देखिन्छ । माग बमोजिम म्याद थप गरिएको कार्यालयको भनाई रहेको छ । तर म्याद थप गरेको पत्र भने पेश भएको छैन । | |
| ४४.२. | उद्यमशीलता विकास सम्बन्धी तालिम प्रदान गर्ने उक्त संघले पेश गरेको आर्थिक प्रस्ताव अनुसार सम्भावित उद्यमीहरुको लागि १२५ जनालाई ५ दिनको उद्यमशीलता विकास तालिम दिन रु.६,६४,३८४/- को आर्थिक प्रस्ताव पेश गरेको छ । जस अनुसार प्रति प्रशिक्षार्थी लागत रु.५,३१५/- लाग्ने देखिन्छ । यस कार्यक्रममा जम्मा ५४ जनाले मात्र तालिम लिएको हुँदा जम्मा रु.२,८७,०१०/- मात्र खर्च हुनुपर्नेमा रु.४,३३,३७७/- खर्च दावी गरी सोही बमोजिम भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.१,४६,३६७/- असुल हुनुपर्ने रु. --- | १४६३६७.०० |
| ४४.३. | सीपमूलक तालिम अन्तर्गत लुगा धुने साबुन तथा सरफ उत्पादन तालिम १० जना, ढाका बुनाई र सिलाई तालिममा २५ जना र फाइवर झोला उत्पादन सीप विकास तालिम १० जना समेत ४५ जनाको लागि रु.१३,१३,८०९/- को आर्थिक प्रस्ताव पेश भएकोमा सोभन्दा बढी जनालाई तालिम दिएको देखाई रु.१३,६१,५२९/- खर्च दावी गरी सोही बमोजिम भुक्तानी भएको छ । सम्झौतामा उल्लेखित भन्दा बढी रकम भुक्तानी गर्न मिल्ने नदेखिएकोले बढी भुक्तानी भएको रु.४७,७२०/- असुल हुनुपर्ने रु. --- | ४७७२०.०० |
| ४५. | **बढी भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को ३६(३) अनुसार खर्च गर्दा खर्चका बिल भर्पाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ ।बिल भरपाईभन्दा बढीको भुक्तानी गर्नु हुँदैन । पालिकाले भौ.नं. १६९ मिति २०७७/३/२६ बाट श्री इन्दिरा राजभण्डारीको नाममा रहेको पेश्की रु.३,००,०००/- फछ्र्यौट गर्दा कोरोना रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्यका लागि खरिद गरिएका विभिन्न सामग्रीहरुको खरिद बिल रु.२,८७,८९३/- को मात्र रहेकोमा निजले | |

| | | |
|---|---|---|
| | लिएको पेश्की रु.३,००,०००/- पुरै फछ्र्यौट गरेको देखिएकोले बिल भरपाईभन्दा बढी फछ्र्यौट गरेको रु.१२,१०७/- असुल हुनुपर्ने देखिएको रु. --- | १२१०७.०० |
| ४६. | **आत्मिय सामुदायिक अस्पताल खाल्टे सिन्धुलीलाई भुक्तानी** : गाउँपालिका र यस अस्पतालबीच २०७७/२/३२ मा भएको सम्झौता अनुसार विगत वर्ष अर्थात २०७५ भाद्र १ गते भएको सम्झौता समेतका आधारमा उक्त अस्पताललाई रु.१०,००,०००/- दिने निर्णय भएको आधारमा भौ.नं.१४३ मिति २०७७/३/१५ बाट रु.१०,००,०००/- भुक्तानी गरेको छ । सो सम्बन्धमा देखिएका ब्यहोरा देहायबमोजिम छन् : | |
| ४६.१. | पालिकाले आ.ब.२०७६/७७ को नीति, योजना तथा कार्यक्रम र बजेटमा उक्त अस्पतालको लागि बजेट विनियोजन नगरी समपूरक कोषमा बचत भएको रकमबाट निर्णय गरी खर्च गरेको छ । उक्त खर्च रकम नगर सभाबाट अनुमोदन गराएको छ । | |
| ४६.२. | सम्झौता अनुसार दोस्रो पक्षले पालिकाका सबै वडाका नागरिकलाई प्रदान गरिने ओ.पी.डी. सेवा निःशुल्क गर्नुपर्ने, फर्मेसी बाहेकका सेवामा २० प्रतिशत छुट गर्नुपर्ने, सातै वडाका गर्भवती महिलाहरुलाई पहिलो पटक जाँच गर्न आउँदा निःशुल्क गर्भ जाँच र भिडियो एक्सरे सेवा निःशुल्क दिनुपर्ने, सबै वडाका नागरिकलाई औषधीमा ५ प्रतिशत छुट दिनुपर्ने लगायतका प्रावधान राखिएको छ । त्यसैगरी पहिलो पक्षले दोस्रो पक्षबाट भएका कामको स्वास्थ्य शाखा प्रमुखद्वारा अनुगमन गर्नुपर्ने ब्यवस्था रहेको देखिन्छ । लेखापरीक्षणको क्रममा सम्झौता अनुसार अनुगमन भए नभएको सम्बन्धमा छलफल हुँदा नियमित अनुगमन गर्ने गरेको भनाई रहेपनि कुन कुन मितिमा अनुगमन गरेको र अनुगमनबाट सम्झौता अनुसारको सेवा अस्पतालले दिए नदिएको सम्बन्धमा कुनै पनि प्रतिवेदन दिएको छैन । यसरी अनुगमन गरी प्रतिवेदन अभिलेख ब्यवस्थित नगर्दा तोकिएबमोजिम काम भए नभएको आस्वस्त हुने अवस्था नभएकोले जिम्मेवार व्यक्तिबाट हुने अनुगमनको लिखित प्रतिवेदन लिई अभिलेख व्यवस्थित गर्नु पर्दछ । | |
| ४६.३. | सम्झौतामा उपर्युक्त सेवा अस्पतालले उपलब्ध गराउने शर्तमा रु.१०,००,०००/- उपलब्ध गराउने भनिए पनि उक्त रकम अस्पतालले के के मा खर्च गर्न सक्ने हो स्पष्ट प्रावधान राखिएको छैन ।अस्पतालले मेडिकल सर्जिकल सामग्री, एक्सरे/ल्याव रिएजेन्ट, मेशिनरी औजार, कम्प्युटर सफ्टवेयर, औषधी लगायतमा खर्च गरी बिल भरपाई पेश गरेका आधारमा गाउँपालिका प्रमुखबाट टिप्पणी आदेश स्वीकृत गराई भुक्तानी गरेको छ ।अस्पतालले पेश गरेका बिल भरपाई परीक्षण तथा जोड जम्मा गर्दा रु.९,६४,६३८/- को खरिद कार्य गरेको देखिन्छ । तर पालिकाबाट रु.१०,००,०००/- नै भुक्तानी दिएकोले खरिद बिलभन्दा बढी भुक्तानी भएको रु.३५,६३८/- असुल हुनुपर्ने देखिएको रु. --- | ३५६३८.०० |
| ४७. | **नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा सिन्धुलीलाई भुक्तानी** : सुनकोशी गाउँपालिका वडा नं.६ मा तिनखोप्रे लिफ्ट खानेपानी योजना, चैनपुर सौर्य लिफ्ट खानेपानी योजना, तुरतुरे खानेपानी योजना, अर्चले आँपखोला खानेपानी योजना, न्यौपानेटार ओडारे खानेपानी योजना र भण्डारी खोला खानेपानी योजना गरी ६ वटा खानेपानी योजना निर्माणका लागि नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा सिन्धुली र सुनकोशी गाउँपालिका सिन्धुलीबीच मिति २०७६/५/३० मा सम्झौता भएको देखिन्छ । उक्त सम्झौताको शर्त अनुसार कूल लागत रु.५,३९,५२,४८५/८० मध्ये सोको २० प्रतिशतले हुने रु.१,०८,१९,७१८/१७ गाउँपालिकाले नेपाल रेडक्रस सोसाइटी सिन्धुली जिल्ला शाखालाई उपलब्ध गराउनु पर्ने र सो रकमबाट खानेपानी योजना निर्माणका लागि गैर स्थानीय सामग्रीहरु (सिमेन्ट, रड, फिटिङ एच.डी.पी.पाइप आदि) खरिद गरी उपर्युक्त योजनाहरुलाई नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा सिन्धुलीले उपलब्ध गराउनु पर्ने उल्लेख भए अनुसार गाउँपालिकाबाट ब्यहोर्ने अंश | |

| | | |
|---|---|---|
| | बराबरको रु.१,०८,१९,७१८/१७ लागतको नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाबाट ठेक्का आव्हान हुँदा ९ वटा बोलपत्र पेश भई सबैभन्दा घटी कबोल गर्ने भिजन ट्रेडिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि.हेटौंडासँग मू.अ.कर समेत रु.६७,३५,३०८/- को ठेक्का सम्झौता भएको देखिन्छ । सामान आपूर्तक भिजन ट्रेडिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि. र नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा सिन्धुली बीचको सम्झौता अनुसारका निर्माण सामग्री रेडक्रस सोसाइटीले प्राप्त गरी पेश भएका बिल र सामग्री दाखिलाका आधारमा भौ.नं.७६ मिति ०७६/११/१८ बाट रु.५१,३३,९७९/- र भौ.नं. २०८ मिति ०७७/३/३० बाट रु.८,००,०००/- समेत रु.५९,३३,९७९/- भुक्तानी भएको छ । सम्झौताको शर्तहरुमा योजनाको लागि भनी छुट्याइएको सामग्रीहरु सोही योजनामा मात्र खर्च गर्नुपर्ने, निर्माण सामग्रीहरुको आम्दानी र खर्चको छुट्टै रजिष्टर खडा गरी तोकिएको फर्मेटमा रेकर्ड राख्नुपर्ने, उपलब्ध गराइएका सामग्री काम सम्पन्न पश्चात बाँकी भएमा रेडक्रसलाई फिर्ता गर्नुपर्ने र उक्त सामग्रीहरु गाउँपालिका र रेडक्रसबीच आपसी समझदारीमा अन्य योजनामा खर्च गर्ने, खानेपानी योजनाको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन गर्न गाउँपालिका र रेडक्रस प्रतिनिधि सम्मिलित अनुगमन समिति बनाइने लगायतका प्रावधान राखिएको हुँदा उक्त प्रावधान अनुसारका प्रक्रिया पुरा गरी खानेपानी योजनाहरुको निर्माण सम्पन्न भएको कार्य सम्पन्न प्रतिवेदन तथा योजना हस्तान्तरण भएको प्रमाण पेश हुनुपर्ने रु. --- | ५९३३९७९.०० |
| ४८. | **चिस्यान केन्द्र निर्माणका लागि भुक्तानी** : सुनकोशी गाउँपालिका र मुकुटेश्वरी बहुउद्देश्यीय कृषि सहकारी संस्था लिमिटेडबीच मिति २०७६/५/६ मा चिस्यान केन्द्र स्थापनाका लागि रु.२,००,००,०००/- को सम्झौता भएको देखिन्छ । सो सम्झौताको सामान्य द्विपक्षीय सेवा र शर्तहरु अन्तर्गत पहिलो पक्षले ब्यहोर्नु पर्ने सेवा र शर्तमा मुकुटेश्वरी बहुउद्देश्यीय कृषि सहकारी संस्था लिमिटेड र प्रदेश सरकार भूमि ब्यवस्था तथा कृषि सहकारी मन्त्रालय वागमती प्रदेश हेटौंडाले गरेको सम्झौता र सोही मन्त्रालयले खुल्ला रुपमा आव्हान गरेको बोलपत्र सूचना अनुसार कबोल गरेको अङ्कको ३० प्रतिशतले हुने रकम अनुदान स्वरुप प्रदेश सरकारले निर्माण गरेको शित भण्डार निर्माण तथा सञ्चालन कार्यविधि, २०७५ अनुसार भुक्तानी गरिने उल्लेख भएअनुसार पालिकाले भौ.नं. १६१ मिति २०७७/३/२३ बाट भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वागमती प्रदेशलाई पहिलो किस्ता स्वरुप रु.३१,८४,०००/- भुक्तानी गरेको छ । स्रेस्तासाथ संलग्न भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वागमती प्रदेश, हेटौंडा र मुकुटेश्वरी बहुउद्देश्यीय सहकारी संस्था लि. सुनकोशीबीच २०७५/१२/१३ मा भएको सम्झौता अनुसार निर्माण हुन गइरहेको शित भण्डार भवनको बोलपत्र स्वीकृत अङ्क रु.५,३०,८०,८३६/७१ को ७० प्रतिशत रु.३,७१,५६,५८१/७१ मन्त्रालयबाट र बाँकी ३० प्रतिशत रु.१,५९,२४,२५१/- सम्बन्धित साझेदार संस्थाले ब्यहोर्नु पर्ने उल्लेख भएअनुसार उक्त मन्त्रालयको च.नं.९५८ मिति २०७६/७/२४ को श्री मुकुटेश्वरी बहुउद्देश्यीय सहकारी संस्था लि. सुनकोशी-५, सिन्धुलीलाई लेखेको पत्रानुसार उक्त संस्थाले ब्यहोर्नु पर्ने ३० प्रतिशत रकममध्ये पहिलो किस्ता बापतको रु.५३,०८,०८३/- मन्त्रालयको खातामा पठाउन पत्राचार भएको देखिन्छ । यसरी प्रदेश मन्त्रालय र साझेदार संस्थाबीचको सम्झौता अनुसार कूल लागतको ३० प्रतिशत रकम साझेदार संस्थाले ब्यहोर्ने भनिएकोमा उक्त साझेदार संस्थाले ब्यहोर्ने अंश गाउँपालिकाबाट ब्यहोर्ने गरी पुनः सम्झौता गरी गाउँपालिकाले प्रदेश मन्त्रालयलाई निकासा भुक्तानी गरेको छ । यसरी साझेदार संस्था र प्रदेश मन्त्रालयको साझेदारीमा सम्पन्न हुने योजनामा साझेदार संस्थाले ब्यहोर्नु पर्ने अंश गाउँपालिकाबाट ब्यहोर्ने गरी सम्झौता गरी भुक्तानी गर्नुको कारण स्पष्ट नभएको रु. --- | ३१८४०००.०० |

| | | |
|---|---|---|
| ४९. | **सिमेन्ट खरिद** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार एक लाख रुपैयाँभन्दा बढीको सामान खरिद गर्नुपरेमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले निर्माण तथा मर्मत कार्यमा प्रयोग हुने सिमेन्ट खरिद गर्दा कुन योजना/कार्यक्रमको लागि खरिद गर्ने हो सो अनुसार लागत अनुमान तयार गरी खरिद गर्ने र कहाँ प्रयोग भएको हो सोको प्राबिधिक मूल्याङ्कन सहित प्रतिवेदन तयार हुनुपर्दछ । नमूना छनोटका आधारमा परीक्षण गरिएका भौचर मध्ये भौ.नं. ४६ मिति २०७६/९/३ बाट पालिकाले वडा नम्बर ५ को साना सिंचाईका लागि भनी रु.१,९९,९९८/- मा २५० बोरा सिमेन्ट खरिद गरी सूर्यवंशी हार्डवेयरलाई भुक्तानी गरेको छ । यसरी खरिद गरिएको सिमेन्टको प्राबिधिक लागत अनुमान तयार नगरी ३ वटा खुला कोटेशनका आधारमा खरिद गरेको छ । खरिद गरिएको सिमेन्ट कुन कुन योजनाको लागि कति कति परिमाणमा खरिद गरिएको हो र कहाँ कहाँ कति प्रयोग भएको हो सोको प्राबिधिक मूल्याङ्कन बिल, नापी किताब, कार्यसम्पन्न प्रतिवेदन तयार नगरी एकमुष्ट रुपमा वडा नम्बर ५ का वडा अध्यक्ष श्री कृष्णराज दाहाललाई भरपाई गराई बुझाएको छ । यस्तो खरिद अन्य वडाहरुको लागि समेत गरिएको भए सो समेतको लागत अनुमान, प्राबिधिक बिल, नापी किताब र कार्यसम्पन्न प्रतिवेदन तयार हुनुपर्दछ । यसरी एकमुष्ट रुपमा वडा अध्यक्षलाई बुझाएको रु.१,९९,९९८/- को २५० बोरा सिमेन्टको उपयोग स्थितिबारे प्रमाण पेश नभएको रु. ---- | १९९९९८.०० |
| | यस सम्बन्धमा छलफल गर्दा धेरै योजनामा सानो सानो मर्मत कार्य हुने हुँदा सबै ठाउँमा नापजाँच गर्न सम्भव नभएकोले वडालाई एकमुष्ट रुपमा सिमेन्ट खरिद गरी दिने गरेको कार्यालयको भनाई रहेको छ । | |
| ५०. | **भरपाई पेश नभएको** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चका बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले एक टोल एक उत्पादन अन्तर्गत देहाय बमोजिमका सामग्री खरिद बापत काफ्लेचौर कृषक समूहलाई भौ.नं. १८५-२०७७/३/२८ बाट रु.२,५२,५००/- भुक्तानी गरेकोमा कुन कुन कृषकलाई कति कति परिमाणमा सामान वितरण गरेको हो सो खुल्ने भरपाई पेश नभएको रु. --- | २५२५००.०० |

| क्र.सं. | सामानको विवरण | इकाई | परिमाण | रकम |
|---|---|---|---|---|
| १. | प्लाष्टिक टनेल | के.जी. | १६५ | ८०१७३.०० |
| २. | गार्डेन पाइप ३० रोल | के.जी. | ७३ | १२०४५.०० |
| ३. | धनियाँ ५०० ग्राम | प्याकेट | १५० | ६००००.०० |
| ४. | काउली १० ग्राम | प्याकेट | ३० | १८०००.०० |
| ५. | बन्दा १० ग्राम | प्याकेट | ५० | १७५००.०० |
| ६. | गाजर ८० ग्राम | प्याकेट | १०१ | ६०६००.०० |
| ७. | फित्ता | के.जी. | २५ | १००००.०० |

| | | |
|---|---|---|
| ५१. | **एच.डी.पी.ई.पाइप खरिद** : पालिकाले विभिन्न साइज र क्षमताका पाइप खरिद गर्न रु.१९,९९,९७९/९३ को लागत अनुमान तयार गरी सिलबन्दी दरभाउपत्रबाट खरिद गर्न मिति २०७६/८/५ मा सूचना प्रकाशन गरेकोमा ४ वटा सिलबन्दी दरभाउपत्र पेश भई सबैभन्दा घटी कबोल गर्ने सूर्यवंशी हार्डवेयरसँग मिति २०७६/८/२५ मा मू.अ.कर समेत रु.१९,३८,२३२/५० को सम्झौता भएको देखिन्छ । सम्झौतामा उल्लेख भएबमोजिमका पाइपहरु आपूर्ति गरेबापत उक्त हार्डवेयरलाई गाउँपालिका पूँजीगतको भौ.नं. ६२-०७६/१०/२७ बाट रु.१४,५८,०००/- तथा गत अ.ब.को नगद बाँकी मौज्दात योजनाको भौ.नं.१६-०७६/१०/२७ बाट रु.४,८०,२३२/- समेत रु.१९,३८,२३२/- भुक्तानी भएको | |

छ । सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गरिएका पाइपहरु स्टोर दाखिला गरेको दाखिला प्रतिवेदन तथा जिन्सी खाता पेश भए पनि उक्त पाइपहरु वास्तविक रुपमा कार्यालयको स्टोरमा दाखिला नभई आपूर्तिकर्ताको स्टोरमै रहने र विभिन्न व्यक्ति एवं वडा अध्यक्षहरुको माग बमोजिम गाउँपालिकाका अध्यक्ष एवं उपाध्यक्षले जारी गरेको अर्डर स्लिपका आधारमा आपूर्तिकर्ताले पाइप वितरण गरी उक्त अर्डर स्लिप पालिकामा पठाई जिन्सी खाताबाट घटउने गरेको छ । यसरी वितरण गरेका पाइपहरु कुन कुन योजनाको लागि कति कति परिमाणमा आवश्यक परेको हो सोको लागत अनुमान तयार गरेको छैन भने बुझि लगेका पाइपहरु कहाँ कहाँ प्रयोग भए सोको प्राविधिक मूल्याङ्कन, नापी किताब र कार्य सम्पन्न प्रतिवेदन समेत बनाउने गरेको पाइएन । लेखापरीक्षणमा पाइप वितरणका केही अर्डर स्लिपहरु पेश भए पनि खरिद भएका सबै पाइपको पेश भएको छैन । पालिकाले यसरी पाइप खरिद गर्दा कुन खानेपानी योजनाको लागि कति पाइप अवश्यक पर्ने हो सोको लागत अनुमान तयार गरी खरिद गर्ने र काम सम्पन्न भएपछि त्यसको प्राविधिक नापजाँच गरी कार्य सम्पन्नन प्रतिवेदन तयार गर्नुपर्नेमा सो गरेको नदेखिएकोले खरिद गरी वितरण गरेका पाइपहरु उपयोग स्थितिबारे आस्वस्त हुन सकिएन । नमूना छनौटमा नपरेका र पालिकाबाट सोझै खरिद गरिएका यस्ता पाइपहरुको समेत लागत अनुमान तथा प्रयोग स्थितिको प्राविधिक नापजाँच र कार्यसम्पन्न प्रतिवेदन तयार हुनुपर्दछ । सिलबन्दी दरभाउपत्रबाट खरिद गरिएका देहायबमोजिमका पाइपहरुको योजनावाइज प्रयोग स्थितिबारे प्राविधिक नापजाँच तथा कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु. --- १९३८२३२.००

| क्र.सं. | पाइपको विवरण | परिमाण (मिटर) |
|---|---|---|
| १. | एच.डी.पी. पाइप १६ एम.एम. १० के.जी. | ११८६ |
| २. | एच.डी.पी. पाइप २० एम.एम. १० के.जी. | ४६०० |
| ३. | एच.डी.पी. पाइप २५ एम.एम. १० के.जी. | ३००० |
| ४. | एच.डी.पी. पाइप ३२ एम.एम. ६ के.जी. | ७८०० |
| ५. | एच.डी.पी. पाइप ३२ एम.एम. १० के.जी. | ८०० |
| ६. | एच.डी.पी. पाइप ४० एम.एम. ६ के.जी. | १२०० |
| ७. | एच.डी.पी. पाइप ५० एम.एम. ६ के.जी. | ७०० |
| ८. | एच.डी.पी. पाइप ५० एम.एम. १० के.जी. | ३५० |
| ९. | एच.डी.पी. पाइप ६३ एम.एम. ६ के.जी. | ८०० |
| १०. | एच.डी.पी. पाइप ७५ एम.एम. ६ के.जी. | ५०० |
| ११. | एच.डी.पी. पाइप ९० एम.एम. ४ के.जी. | १०० |
| १२. | एच.डी.पी. पाइप ११० एम.एम. २.५ के.जी. | १०० |
| १३. | एच.डी.पी. पाइप १६० एम.एम. २.५ के.जी. | ६० |

५२. **सोझै खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) अनुसार सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाख रुपैयासम्म लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने व्यवस्था छ । नमूना छनौटको आधारमा परीक्षण गरिएको देहाय बमोजिमको खरिद कार्य गर्दा पालिकाले वार्षिक खरिद योजना नबनाई र खरिद प्याकेज नबनाई विना प्रतिस्पर्धा पटक पटक सोझै खरिद गरेको देखिंदा उक्त खरिद कार्य नियमसम्मत देखिंदैन । यस्तो खरिद कार्य गर्दा नियमावलीमा भएको व्यवस्था बमोजिम खरिद योजना र प्याकेज बनाई प्रतिस्पर्धात्मक विधिबाट गराउनु पर्ने देखिन्छ ।

| भौ.नं. र मिति | विवरण | आपूर्तक | भुक्तानी रकम |
|---|---|---|---|
| ७-०७६/६/१४ | फर्निचर तथा फिक्सचर्स | विभिन्न ८ वटा फर्मबाट | ९५९६२८.०० |
| १४९-०७७/३/१७ | फर्निचर तथा फिक्सचर्स | कमलामाई स्टील फर्निचर | ३०६७९५.०० |
| ९-०७६/६/१४ | मेशिनरी तथा औजार | विभिन्न ४ वटा फर्मबाट | १०५२५५८.०० |
| ६९-०७६/११/१२ | मेशिनरी तथा औजार | एच.पी.कम्प्युटर सेन्टर | १४१२५०.०० |
| १७५-०७७/३/२६ | मेशिनरी तथा औजार | कमलामाई कम्प्युटर सप लगायत ३ वटा फर्म | ३१६७८७.०० |
| ४०-०७६/९/२ | मोटरसाइकल खरिद | क्षितिज इन्टरप्राइजेज | २५५९००.०० |
| १३५-०७७/३/१० | मोटरसाइकल खरिद | आरम्भ अटो वर्क्स | २७५९००.०० |
| | | जम्मा: | ३३०८८१८.०० |

५३. **रितपूर्बकको कर बिजक** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर बीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले रित पूर्कको कर बीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु.२३०४४१.०० समेत रु.२१,५९,५९२.०० सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. २३०४४१.००

| भौ.नं. र मिति | योजना/कामको विवरण | निर्माण व्यवसायी/आपूर्तक | स्थायी लेखा नम्बर | वीजक नम्बर | बिल रकम | मू.अ.कर |
|---|---|---|---|---|---|---|
| ९५-०७७/२/८ | ठाडागाउँ गणेश मन्दिर निर्माण कार्य | क्यारोल कन्ष्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ६०६५५६३६१ | खाली | १०११६८.०० | ११२१०.०० |
| ११२-०७७/२/२२ | कानढुङ्ग्री भलायटार सडक | आकृषा कन्ष्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ६०९५९४६६५ | खाली | ५८५४०.०० | ६७३५.०० |
| ११२-०७७/२/२२ | कानढुङ्ग्री भलायटार सडक | आकृषा कन्ष्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ६०९५९४६६५ | खाली | २५२१७१.०० | २९०११.०० |
| ११६-०७७/२/२७ | ज्योती महिला बचत तथा ऋण सहकारी संस्थाको भवन | क्यारोल कन्ष्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ६०६५५६३६१ | खाली | ३८१०९.०० | ४३८४.०० |
| ११६-०७७/२/२७ | ज्योती महिला बचत तथा ऋण सहकारी संस्थाको भवन | क्यारोल कन्ष्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ६०६५५६३६१ | खाली | १०७०८८.०० | १२३२०.०० |
| २३-०७६/७/२० | वडा नं.५ को खेलमैदान सामान खरीद | निलकमल इन्टरप्राइजेज | - | हातले लेखेको | ४५०००.०० | ५१७७.०० |
| १४५-०७७/३/१५ | गणेश मा.वि.फर्निचर खरिद | एस.ए.फर्निचर एण्ड फर्निसिङ्ग सप्लायर्स | ६००११४६५९ | ३२५ हातले लेखेको | ६४१४६०.०० | ७३७९६.०० |
| १९२-०७७/३/२८ | बुद्धमूर्ति तथा छोर्तेन निर्माण | क्यारोल कन्ष्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ६०६५५६३६१ | २८ हातले लेखेको | ३०३९७०.०० | ३४९७०.०० |
| १९२-०७७/३/२८ | बुद्धमूर्ति तथा छोर्तेन निर्माण | क्यारोल कन्ष्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ६०६५५६३६१ | ३१ हातले लेखेको | ३३५४४१.०० | २७०८६.०० |
| १९२-०७७/३/२८ | बुद्धमूर्ति तथा छोर्तेन निर्माण | क्यारोल कन्ष्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ६०६५५६३६१ | ४५ हातले लेखेको | ११३२२६.०० | १३०२६.०० |
| २०३-०७७/३/२९ | दारिमबोट लिफ्ट खानेपानी | रन्जितकार इन्टरप्राइजेज | ६०१००२२३२ | २३९ फोटोकपी बिल | ११०६१९.०० | १२७२६.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५५-०७७/३/२२ | सितलपाटी लिफ्ट सिंचाई | टपसन इनर्जि प्रा.लि. | ३०४५७४२८९ | ४९२ फोटोकपी विल | ५२८००.०० | ० |
| | | जम्मा: | | | २१,५९,५९२.०० | २३०४४१.०० |

५४. **ननफाइलर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले उपभोक्ता समितिबाट गराएका कार्यको देहायको फर्मलाई मू.अ.कर रु.४०५४८८.०० समेत रु.४४२०४७९ भुक्तानी दिएकोमा उक्त फर्म २०७६ श्रावणदेखि लेखापरीक्षण अवधिसम्म पनि कर विवरण नबुझाई ननफाईलर रहेको पाइयो ।

| भौ.नं. र मिति | योजनाको नाम | निर्माण व्यवसायी/फर्मको नाम | स्थायी लेखा नं. | कूल भुक्तानी | मू.अ.कर | बीजक नम्बर र मिति |
|---|---|---|---|---|---|---|
| ३६-०७६/८/३० | सल्ले चालिसे ग्रामीण सडक | जय त्रिष्णा कन्सट्रक्सन बालुवा प्रशोधन तथा सप्लायर्स प्रा.लि. | ६०६८०६६०६ | ५५३०००.०० | ६३६७७.०० | ६-०७६/८/२ |
| ३७-०७६/८/३० | वडा नं.६ विभिन्न सडक मर्मत | जय त्रिष्णा कन्सट्रक्सन बालुवा प्रशोधन तथा सप्लायर्स प्रा.लि. | ६०६८०६६०६ | ६९१४७७.०० | ४१०८०.०० | ९-०७६/८/१६ |
| ४४-०७६/९/३ | खाल्टे मूलबाटो टोल सडक निर्माण | जय त्रिष्णा कन्सट्रक्सन बालुवा प्रशोधन तथा सप्लायर्स प्रा.लि. | ६०६८०६६०६ | १८०३४४.०० | १३३४४.०० | ११-०७६/८/३० |
| ४५-०७६/९/३ | वेनीघाट सडक निर्माण | जय त्रिष्णा कन्सट्रक्सन बालुवा प्रशोधन तथा सप्लायर्स प्रा.लि. | ६०६८०६६०६ | १८०५९२.०० | ११४१२.०० | १२-०७६/९/१ |
| ४८-०७६/९/२७ | विभिन्न सडक निर्माण | जय त्रिष्णा कन्सट्रक्सन बालुवा प्रशोधन तथा सप्लायर्स प्रा.लि. | ६०६८०६६०६ | ५०००००.०० | ५७५२२.०० | ८-०७६/८/१६ |
| ५६-०७६/१०/१५ | रुपाकोट सडक निर्माण | जय त्रिष्णा कन्सट्रक्सन बालुवा प्रशोधन तथा सप्लायर्स प्रा.लि. | ६०६८०६६०६ | ३९७०२.०० | ४५५६.०० | ३-०७६/८/२ |
| ६०-०७६/१०/२२ | चालिसे गैरी टोल सडक | जय त्रिष्णा कन्सट्रक्सन बालुवा प्रशोधन तथा सप्लायर्स प्रा.लि. | ६०६८०६६०६ | ४०१०८३.०० | २३५१४.०० | १५- |
| ६७-०७६/११/११ | गैरी सातविसे तथा भञ्याङ्ग आलेवारी सडक | जय त्रिष्णा कन्सट्रक्सन बालुवा प्रशोधन तथा सप्लायर्स प्रा.लि. | ६०६८०६६०६ | ११३०८७.०० | ५५१७.०० | १९-०७६/१०/२४ |
| ६७-०७६/११/११ | गैरी सातविसे तथा भञ्याङ्ग आलेवारी सडक | जय त्रिष्णा कन्सट्रक्सन बालुवा प्रशोधन तथा सप्लायर्स प्रा.लि. | ६०६८०६६०६ | २३१७४३.०० | २३५२४.०० | १८-०७६/१०/२४ |
| ७१-०७६/११/१३ | काफ्ले चौर तल्लो टोल कृषि सडक | जय त्रिष्णा कन्सट्रक्सन बालुवा प्रशोधन तथा सप्लायर्स प्रा.लि. | ६०६८०६६०६ | ८४००००.०० | ८५५९१.०० | २५-०७६/१०/२८ |
| ७१-०७६/११/१३ | काफ्ले चौर तल्लो टोल कृषि सडक | जय त्रिष्णा कन्सट्रक्सन बालुवा प्रशोधन तथा सप्लायर्स प्रा.लि. | ६०६८०६६०६ | १७३०६२.०० | १९९१०.०० | ३०-०७६/११/१० |
| ८०-०७६/११/३० | बोहोरे खोला सल्ले चालिसे सडक | जय त्रिष्णा कन्सट्रक्सन बालुवा प्रशोधन तथा सप्लायर्स प्रा.लि. | ६०६८०६६०६ | ९६३८९.०० | १०२०७.०० | ३२-०७६/११/२० |
| ८०-०७६/११/३० | बोहोरे खोला सल्ले चालिसे सडक | जय त्रिष्णा कन्सट्रक्सन बालुवा प्रशोधन तथा सप्लायर्स प्रा.लि. | ६०६८०६६०६ | ४२००००.०० | ४५६३४.०० | २८-०७६/११/९ |
| | | जम्मा: | | ४४२०४७९ | ४०५४८८.०० | |

कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन नभएको प्रमाण पेश हुनुपर्ने रु. --- ४०५४८८.००

| | | |
|---|---|---|
| | **गाउँपालिकाबाट थप विनियोजित कार्यक्रम** | |
| ५५. | **सुनकोशी गाउँपालिका भवन निर्माण कार्य (फेज-२)** : पालिकाले यस भवन निर्माण कार्यका लागि रु.१,९६,९८,९४३/३४ (मू.अ.कर समेत) को लागत अनुमान तयार गरी मिति २०७६/१०/६ मा बोलपत्रको सूचना आव्हान गरेकोमा ई-विड मार्फत ९ वटा बोलपत्र पेश भई सबैभन्दा घटी कबोल गर्ने निर्माण व्यवसायी अर.वी.सिद्धार्थ कन्स्ट्रक्सन प्रा.लि.सँग मिति २०७७/१२/५ मा काम सम्पन्न गर्ने गरी मिति २०७६/१२/६ मा मू.अ.कर समेत रु.१,१८,८१,१७९/३४ को सम्झौता भएको छ । सो सम्बन्धमा देखिएका ब्यहोरा देहाय बमोजिम छन् : | |
| ५५.१. | सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) अनुसार बोलपत्रदाताले लागत अनुमानभन्दा १५ प्रतिशतसम्म कम अङ्क कबुल गरेमा कबुल अङ्कको ५ प्रतिशत र १५ प्रतिशतभन्दा बढी घटेर ठेक्का कबुल गरेको अवस्थामा १५ प्रतिशतभन्दा जति रकमले घटी कबुल गरेको छ सोको ५० प्रतिशतले हुने रकम कूल अङ्कको ५ प्रतिशतमा थप गरी कार्य सम्पादन जमानत राख्नुपर्ने व्यवस्था छ । यस ठेक्कामा निर्माण व्यवसायीले ३९.१८ प्रतिशत घटेर ठेक्का कबुल गरेके छ । जस अनुसार कार्य सम्पादन जमानत बापत रु.३०,२५,५२०/- राख्नुपर्नेमा रु.२०,७६,५००/- मात्र राखेको हुँदा नपुग रु.९,४९,०२०/- को कार्य सम्पादन जमानत थप गर्नुपर्ने देखिन्छ । त्यसैगरी कार्य सम्पादन जमानतको अवधि निर्माण कार्य सम्पन्न गर्नुपर्ने अवधिभन्दा थप तेह्र महिनाको हुनुपर्ने व्यवस्था अनुसार कम्तीमा २०७८/१/५ सम्मको हुनुपर्नेमा २०७७/१२/४ सम्मको मात्र देखिएको हुँदा सो अवधि थप गरी नपुग कार्यसम्पादन जमानत थप गर्नुपर्ने रु. --- | ९४९०२०.०० |
| ५५.२. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाखभन्दा बढि मूल्यको निर्माण कार्य गर्ने निर्माण ब्यवसायीले निर्माण सामग्री, प्रयोग गरिने मेशिनरी औजार वा प्लान्ट लगायत निर्माण कार्यको त्रुटी सच्याउने अवधि समेत कभर हुनेगरी वीमा गराउनु पर्ने ब्यवस्था छ । साथै निर्माण ब्यवसायीसँग भएको सम्झौताको जि.सि.सि.१४ मा समेत वीमा गराउनु पर्ने ब्यवस्था रहेकोमा सो अनुसार वीमा गराएको पाइएन । अतः उक्त निर्माण कार्यको त्रुटी सच्याउने अवधि समेत कभर हुने गरी वीमा गर्ने, गराउने ब्यवस्था गरी निर्माण कार्यको क्रममा वा निर्माण पश्चात हुने सम्भावित जोखिम न्यूनीकरण गर्नुपर्दछ । | |
| | • **उपभोक्ता समिति मार्फत कार्य** | |
| ५६. | **सरकारी भवनहरु उपभोक्ता समितिबाट निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । सोही नियममा उपभोक्ता समितिमार्फत निर्माण गरिएका आयोजनाको मर्मत सम्भारको जिम्मा उपभोक्ताको हुने गरी हस्तान्तरण समेत गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका उपभोक्ता समितिलाइ हस्तान्तरण नहुने सरकारी भवन निर्माण कार्य समेत उपभोक्ता समितिमार्फत गराउने गरेको देखियो ।हस्तान्तरण नहुने तथा जटिल प्रकृतिका काम समावेश भएका निर्माण कार्य उपभोक्ता बाट निर्माण गर्नु उपयुक्त देखिएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् : | |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ११९।०७७।३।२९ | आर.सि.सी भवन निर्माण उपभोक्ता समिति वडा नं ७ | आर.सि.सी भवन निर्माण | ३१५०८३८.०० |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

| | | |
|---|---|---|
| ५७. | **जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् : | |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १३/२०७७/१/३० | तिनखोप्रे लिफ्ट खानेपानी योजना उपभोक्ता समिति | तिनखोप्रे लिफ्ट खानेपानी योजना | १०८६४४० |
| २०/२०७७/३/२१ | ढाँडे र गुठबजार लिफ्ट सिँचाइ आयोजना उपभोक्ता समिति | ढाँडे र गुठबजार लिफ्ट सिँचाइ आयोजना | १०९४६६० |
| ४३/२०७६/९/३ | वडा नं. ६ विधुत लाइन विस्तार उ.स. | वडा नं. ६ विद्युत लाइन विस्तार | १०५५६०० |
| ७/२०७६/६/१५ | वडा नं.४ विद्युत लाइन विस्तार उ.स. | वडा नं. ४ विद्युत लाइन विस्तार | ४१०५०९७ |
| | जम्मा | | ७३४१७९७ |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

**संघ ससर्ततर्फः**

| | | |
|---|---|---|
| ५८. | **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४५ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ : | |

| सि.नं. | विधालयको नाम | शिक्षक दरवन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विधार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | गणेशमामझुवा.वि. | १४ | १४ | ५ | १७३ |
| २ | देविस्थानमाबालुवा.वि. | १५ | १३ | १२ | ४८१ |
| ३ | माजारगुठब.वि. | १५ | १५ | ९ | ३६५ |
| ४ | गणेश मा.वि.थापाथुम्का | १६ | १५ | ९ | २२७ |
| ५ | प्रगतिशीलमारातमाटा.वि. | १९ | १९ | ३ | ४८० |
| ६ | कुशेश्वर विद्यापीठमादुम्जा.वि. | १७ | १६ | ८ | ३०६ |
| ७ | दीर्घप्रदिपमाखाल्टे.वि. | १५ | १५ | ९ | २५७ |
| ८ | ग्रामकाली मा.वि.अमारे | ८ | ८ | ६ | ३१३ |
| ९ | सिद्ध माकोटगाँउ.वि. | ९ | ८ | ६ | २२१ |
| १० | पञ्चकन्या प्रा.वि.मतानवास | ३ | ३ | ० | ३६ |
| ११ | विमला प्रा.वि.गैरीगाउँ | ३ | ३ | ० | ३४ |
| १२ | जलकन्या प्रा.वि.डाँडागाँउ | १ | १ | ० | २० |
| १३ | महाकाली आगौखर्क.वि. | ६ | ५ | ४ | ६९ |
| १४ | पञ्चकन्यानिघुमाउने चैनपुर.वि.मा. | ५ | ४ | २ | १०७ |
| १५ | चण्डेश्वरी नि.वि.मा.चैनपुर | ४ | ४ | २ | ९४ |
| १६ | भुमेश्वर आनागी .वि. | ४ | ४ | १ | ८४ |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | चन्द्रकन्या प्रा.वि.नागी | २ | २ | ० | ३६ |
| १८ | भीमसेन प्रा.वि.खनियाडाँडा | ३ | ३ | २ | ५० |
| १९ | बालकन्या प्रा.वि.आरुवोटे | ३ | ३ | १ | ५० |
| २० | जखनी प्रारुपाकोट .वि. | २ | २ | २ | ३१ |
| २१ | सहस्रधारा नि.मा.विनाँगेडाँडा | ६ | ६ | ३ | ४९ |
| २२ | नि.मा.वि. परेवाडाँडाँ | ७ | ७ | २ | १०४ |
| २३ | आ.वि.घ्याम्पाटार | ४ | ४ | २ | ९४ |
| २४ | पञ्चकन्या मा.वि.हायुगाँउ | ९ | ८ | ५ | २४६ |
| २५ | जनजागृत प्रा.वि.ओखेनी | ३ | २ | २ | ३१ |
| २६ | ज्ञानेन्द्र प्रा.वि.डाँगी | १ | १ | ० | १२ |
| २७ | विनायक नि.वि.मा.कालिमाटी | ४ | ४ | १ | १०४ |
| २८ | कालिका नि.वि.मा.बन्दिपुर | ३ | ३ | ३ | १३५ |
| २९ | आ.वि. काँशिखर्क | ४ | ४ | २ | १३७ |
| ३० | प्रा.वि.नेपालथोक | २ | २ | २ | ३१ |
| ३१ | सेतीदेवी प्रा.वि.साँधी | १ | १ | १ | २७ |
| ३२ | हरिसिद्धि प्रा.वि.मानेडाँडा | १ | १ | ० | १२ |
| ३३ | शक्तेपोखरीप्रासातविसे.वि. | २ | २ | ० | २७ |
| ३४ | प्रा.वि.चिलाउनेखर्क | २ | २ | २ | २४ |
| ३५ | जनज्योतीप्रा.वि.लिट्टिभञ्ज्याङ्ग | २ | २ | १ | २९ |
| ३६ | सतीदेवी प्रा.वि.ताम्लिङ | ३ | ३ | १ | ३७ |
| ३७ | प्रा.वि.खानीगाँउ | २ | २ | १ | ९१ |
| ३८ | विश्वज्योती प्रा.वि.दोभानडाँडा | ३ | ३ | २ | ३९ |
| ३९ | कपिलेश्वर नि.वि.मा.ढुंगेचौर | ५ | ५ | ३ | १३४ |
| ४० | जनज्योती प्रा.वि.रातमाटा बजार | ३ | ३ | २ | ४८ |
| ४१ | कालिका प्रा.वि.लक्ष्मीडाँडा | १ | १ | ० | २० |
| ४२ | प्रा.वि.ज्यामिरे | २ | २ | २ | ३५ |
| ४३ | पञ्चकन्या प्रा.वि.सिम्ले | १ | १ | १ | ३२ |
| ४४ | प्राधारापानी.वि. | १ | १ | १ | ७ |
| ४५ | पशुपति प्रा.वि.मुलकोट | ४ | ४ | १ | ८९ |
| | जम्मा: | २४० | २३१ | १२१ | ५०२८ |

- उपर्युक्त ४५ विद्यालयहरुमा २४० शिक्षक दरबन्दी रहेकोमा २३१ मात्र पदपुर्ती भएको हुँदा दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।
- विद्यार्थी संख्याको तुलनामा शिक्षक बढि भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्युन विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ ।

५९. **बढी निकासा** - आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । नमुना छनोटको आधारमा देहायबमोजिमका विद्यालयहरु छनोट गरी निकासा भिडान गर्दा दरबन्दी अनुसारको माग फारम तथा भरपाई भन्दा बढी तलब भत्ता निकासा गरेको एवं IEMIS मा उल्लेखित भन्दा बढी विद्याथीलाई छात्रवृत्ति लगायतका रकम बढी निकासा गरेको पाइयो । यसरी गाउँपालिकाले

दरबन्दी तथा माग फारमभन्दा बढी निकासा दिएको रु. ९२६४५/- त्यसैगरी दिवा खाजावापत रु. २२१००/-र पाठ्यपुस्तक तर्फ रु.७९२५६/- गरी जम्मा रु. १९४००१/- बढी निकासा दिएको देखियो । अन्य विद्यालयहरुको हकमा पनि बढी निकासा गए नगएको सम्बन्धमा पालिकाले एकिन गरी बढी निकासा गएको भए असुल गर्नुपर्ने देखियो । तसर्थ बढी निकासा दिएको देहायबमोजिमको रकम असूल गरी सम्बन्धीत राजस्व खतामा दाखिला हुनुपर्दछ ।

५९.१. देहायबमोजिमको रकम विद्यालयहरुको खातामा बढी निकासा भएको देखिएकोले उक्त रकम असुल हुनुपर्ने रु. ९२६४५

| विद्यालयको नाम | विवरण | भुक्तानी हुनुपर्ने रकम | भुक्तानी भएको रकम | बढी भुक्तानी |
|---|---|---|---|---|
| प्रगतिशिल मावि झा.रा | शिक्षिका गिता ढकालको २०७६ भाद्र ९ देखि राजिनामा दिएकोमा १ दिनको बढी त.भ निकासा | ३८२५३ | ३९२६० | १००७ |
| | प्रशिक्षक सन्देश महर्जन र सहायक प्रशिक्षक तारा बास्तोलाले २०७६ चैत्रमा राजिनामा दिएपनि निजहरुको नाममा पोषाक भत्ता भुक्तानी | ० | २०००० | २०००० |
| कुशेश्वर मावि दुम्जा | २०७६ जेठ १९ मा नियुक्ती भइ २०७६ कार्तिक १८ मा राजिनामा दिनुभएकी शिक्षिका अनिता मैनालीलाइ चाडपर्व खर्च भुक्तानी | ० | २८२०० | २८२०० |
| | २०७६ भाद्र ४ मा नियुक्त शिक्षक यादव खरेलको २७ दिनको त.भ.भुक्तानी हुनुपर्नेमा बढी भुक्तानी | ७३७८० | ७५३५० | १५७० |
| देवीस्थान मावि वालुवा | २०७६।०८।१० गतेदेखि राजिनामा दिएको शिक्षिका संजिता पोखरेलको बढी त.भ भुक्तानी | १२६६३ | १३९२९ | १२६६ |
| | २०७६।९।७ देखि नियुक्ती भएका देहायका शिक्षकहरुको नाममा माग फारममा माग भएभन्दा बढी निकासा | | | |
| | १.सिर्जना सिग्देल | ८२०२० | ८४५६० | २५४० |
| | २.राजेन्द्र बहादुर चन्द | ११५७१८ | ११८७०० | २९८२ |
| | ३.शम्भु कुमार यादव | १०३५७२ | १०३५७२ | २८०० |
| गणेश मावि थापाथुम्का | २०७६ श्रावण २६ मा नियुक्त अस्थायी शिक्षक श्री मेनुका कार्कीको पहिलो त्रैमासिक निकासामा चाडपर्व खर्च समेत भुक्तानी भएको | ६५४३३ | ९५१८० | २९७४७ |
| | २०७६ कार्तिक २९ गते देखि राजिनामा दिएका शिक्षक मोतिलाल यादवको नाममा बढी त.भ निकासा | ३५४५७ | ३७९९० | २५३३ |
| जम्मा | | | | ९२६४५ |

५९.२. **दिवा खाजाको बढी भुक्तानीः** नमुना छनौट गरी परीक्षण गरिएका देहायका विद्यालयहरुलाई दिवाखाजा वापतको रकम भुक्तानी दिदाँ इमिसमा भन्दा बढी संख्या देखाई भुक्तानी दिएको रकम असुल हुनुपर्ने रु. २२१००.००

| विद्यालयको नाम | इमिसको संख्या | भुक्तानी संख्या | बढी भुक्तानी संख्या | भुक्तानी भएको दर(औषतमा) | बढी भुक्तानी रकम | कक्षा |
|---|---|---|---|---|---|---|
| आवि घ्याम्पाटार | १४ | १९ | ५ | ६३२ | ३१६० | १ |
| ग्रामकालि मावि अमारे | २२ | २४ | २ | ३१९ | ६३८ | कक्षा १ को माघ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | महिनाको मात्र |
| कपिलेश्वर निमावि ढुङगेचौर | २३ | ३४ | ११ | ७२५ | ७९७५ | कक्षा १ र इसिडिको मंसिरदेखि माघ सम्मको |
| देविस्थान मावि वालुवा | २८ | ३० | २ | ३८० | ७६० | कक्षा ४ फागुन र चैत्र |
| | ४२ | ४४ | २ | ३८० | ७६० | कक्षा ३ फागुन र चैत्र |
| | १० | १३ | ३ | ३७७ | ११३१ | इसिडी फागुन र चैत्र |
| | १० | १३ | ३ | ७४३ | २२२९ | इसिडीको मंसिरदेखि माघ सम्म |
| | १० | १३ | ३ | ४३७ | १३११ | इसिडी श्रावण देखि कार्तिक |
| | २८ | ३० | २ | ६१७ | १२३४ | कक्षा ४ श्रावण देखि कार्तिक |
| | ४२ | ४४ | २ | ६४८ | १२९६ | कक्षा ३ श्रावण देखि कार्तिक |
| पन्चकन्या मावि | १६ | १८ | २ | ८०३ | १६०६ | कक्षा ४ माघ र फागुन |
| जम्मा | | | | | २२१००/- | |

५९.३. **पाठ्यपुस्तकमा बढी निकासाः** नमुना छनौट गरी परीक्षण गरिएका देहायका विद्यालयहरुलाई पाठ्यपुस्तक वापतको रकम भुक्तानी दिदाँ इमिसमा भन्दा बढी संख्या देखाई भुक्तानी दिएको रकम असुल हुनुपर्ने रु. ७९२५६.००

| विद्यालयको नाम र कक्षा | इमिसको संख्या | भुक्तानी संख्या | बढी संख्या | दर | बढी भुक्तानी | रकम |
|---|---|---|---|---|---|---|
| **कुशेश्वर मावि दुम्जाः** | | | | | | १४८४९ |
| कक्षा ३ | २२ | २९ | ७ | ३१७ | २२१९ | |
| कक्षा ४ | ९ | १७ | ८ | ३७० | २९६० | |
| कक्षा ५ | २१ | २५ | ४ | ४०५ | १६२० | |
| कक्षा ८ | ३२ | ३५ | ३ | ८९७ | २६९१ | |
| कक्षा ९ | ३० | ३५ | ५ | ४८५ | २४२५ | |
| कक्षा १० | २४ | ३० | ६ | ४८९ | २९३४ | |
| **दिर्घप्रदिप मावि खाल्टेः** कक्षा १ | १८ | २४ | ६ | ५१८ | ३१०८ | ३१०८ |
| **मावि गुठवजारः** | | | | | | २९२० |
| कक्षा २ | १४ | १७ | ३ | २५७ | ७७१ | |
| कक्षा ३ | २० | २२ | २ | ३१७ | ६३४ | |
| कक्षा ४ | १९ | २२ | ३ | ३७० | १११० | |
| कक्षा ५ | २१ | २२ | १ | ४०५ | ४०५ | |
| **ग्रामकाली मावि अमारे** | | | | | | |
| कक्षा १ | २१ | २५ | ४ | ५१८ | २०७२ | ८६५७ |
| कक्षा २ | २१ | २२ | १ | २५७ | २५७ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कक्षा ३ | २१ | २५ | ४ | ३१७ | १२६८ | |
| कक्षा ५ | २२ | २५ | ३ | ४०५ | १२१५ | |
| कक्षा ६ | २५ | ३० | ५ | ७६९ | ३८४५ | |
| प्रगतिशिल मावि झा.राः | | | | | | ३४०३ |
| कक्षा ९ | ९५ | १०० | ५ | ४८५ | २४२५ | |
| कक्षा १० | ९० | ९२ | २ | ४८९ | ९७८ | |
| सिद्ध मावि कोटगाँउः | | | | | | २१६३५ |
| कक्षा १ | १६ | २५ | ९ | ५१८ | ४६६२ | |
| कक्षा २ | १३ | १५ | २ | २५७ | ५१४ | |
| कक्षा ४ | १२ | २० | ८ | ३७० | २९६० | |
| कक्षा ५ | १७ | २३ | ६ | ४०५ | २४३० | |
| कक्षा ६ | ३४ | ४५ | ११ | ७६९ | ८४५९ | |
| कक्षा ७ | २८ | ३१ | ३ | ८७० | २६१० | |
| गणेश मावि मझुवा | | | | | | २४६८४ |
| कक्षा १ | ४ | १० | ६ | ५१८ | ३१०८ | |
| कक्षा ३ | ६ | १० | ४ | ३१७ | १२६८ | |
| कक्षा ५ | ६ | १० | ४ | ४०५ | १६२० | |
| कक्षा ६ | १४ | २० | ६ | ७६९ | ४६१४ | |
| कक्षा ९ | ४७ | ६५ | १८ | ४८५ | ८७३० | |
| कक्षा १० | ४४ | ५० | ६ | ४८९ | २९३४ | |
| एच्छिक तर्फः | | | | | | |
| कक्षा ९(शिक्षा) | ४७ | ६५ | १८ | ७५ | १३५० | |
| कक्षा ९(अर्थशास्त्र) | ४७ | ५५ | ८ | ७१ | ५६८ | |
| कक्षा १० (शिक्षा) | ४४ | ५० | ६ | ८२ | ४९२ | |
| जम्मा | | | | | | ७९२५६ |

६०. **अनुगमन प्रतिवेदनः** शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट तयार पारिएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ मा माध्यमिक विद्यालयहरुमा पुस्तकालय स्थापना तथा व्यवस्थापन,शिक्षण सिकाइमा आ.इ.सि.टी प्रयोग र विज्ञान प्रयोगशाला स्थापनाका लागि विद्यालयका लागि प्रति विद्यालय रु.६५००००/-का दरले एकमुष्ट अनुदान रकम उपलब्ध गराउने र सो रकमबाट तोकियबमोजिमका स्पेशिफिकेशन अनुसारका किताव तथा ल्याव सामग्री र विज्ञान सामग्री खरिद गरे नगरेको अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका विद्यालयहरुलाई भौ.न.७१/२०७७।०३।१५ बाट रु. १९,५०,०००/- अनुदान रकम उपलब्ध गराएकोमा तोकिय बमोजिमको काम भए नभएको अनुगमन गरेको पाइएन । अनुगमन प्रतिवेदन प्राप्त हुनु पर्ने देखिएको रु. १९५००००.००

| विद्यालयको नाम | प्रयोजन | रकम |
|---|---|---|
| गणेश मावि मझुवा | विज्ञान प्रयोगशाला | ६,५०,०००/- |
| मावि गुठवजार | आइसिटी ल्याव | ६,५०,०००/- |
| सिद्ध मावि कोटगाँउ | पुस्तकालय | ६,५०,०००/- |
| | जम्मा | १९,५०,०००/- |

६१. **बढी दरमा भुक्तानीः** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६(८) अनुसार कुनै रकमको भुक्तानी दिनु अघी रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।स्वीकृत दरभन्दा बढी दरमा भुक्तानी गर्नु हुदैन । २ केभिए इन्भटर र १५० वाटको सोलार व्याट्रीको पालिकाको स्वीकृत दर भ्याटसहित प्रतिथान क्रमशः रु.३०/३० हजार गरी ६०,०००/- रहेको छ । गो.भौ.नं १०१/२०७७।०३।२५ बाट पालिकाले कमलामाई कम्प्युटर सपबाट खरिद गरिएको २ केभिए इन्भटर र १५० वाटको सोलार व्याट्री एक सेटको भ्याटसमेत रु ७९,९९७/- भुक्तानी गरेकोले बढी भुक्तानी गरको रु.१९,९९७/- असुल हुनुपर्ने रु.

१९९९७.००

६२. **स्यानेटरी प्याड खरीदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट खरिद गर्ने व्यवस्था छ । स्यानेटरी प्याड खरीदका लागि रु. १४,९२,०००/- बजेट विनियोजन भएकोमा पालिकाले वर्षको अन्त्यमा आएर सोझै खरिद गरेको छ । छात्राहरुको स्वास्थ्य तथा सरसफाईसँग जोडिएको यस्तो खरीद कार्य आर्थिक वर्षको सुरुमा खरीद प्रकृया सुरु गरी समयमै वितरण गर्नुपर्नेमा आर्थिक वर्षको अन्त्यमा खरिद गरेको छ । लेखापरीक्षणको क्रममा प्राप्त विववरण अनुसार २५८१२ परिमाणमा प्याड खरिद गरेकोमा १०७५६ मात्र विद्यालयहरुलाई वितरण गरेको पाइयो ।कोभिड १९ का कारण विद्यालयहरु बन्द भएको अवस्थामा आर्थिक वर्षको अन्त्यमा ठूलो परिमाणमा प्याड खरीद गरी विद्यालयलाइ हालसम्म पुरै वितरण नगरी मौज्दातमा राख्नु उचित नदेखिनुका साथै सिलबन्दी दरभाउपत्र आवह्वान गरी गर्न सकिने काम सोझै खरिद गर्नु नियमित नदेखिएको रु.

१४०००३६.००

| भौ नं मिति | विवरण | आपुर्तक | संख्या | रकम |
|---|---|---|---|---|
| ५३।२०७७।०२।०१ | स्यानेटरी प्याड | सफ्टी हाइजिन प्रालि काठमाडौ | ७८१२ | ४९९९९२ |
| ७३।२०७७।०३।१५ | स्यानेटरी प्याड | आई पि आर सप्लायर्स सिन्धुलि | ९००० | ४५००२२ |
| ७२।२०७७।०३।१५ | स्यानेटरी प्याड | जनक कस्मेटिक सिन्धुलि | ९००० | ४५००२२ |
| जम्मा | | | | १४,००,०३६/- |

६३. **बढी भुक्तानीः** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६(८) अनुसार कुनै रकमको भुक्तानी दिनु अघी रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । कुनै रकमको भुक्तानी दिदाँ सम्झौतामा उल्लेख भएभन्दा बढी भुक्तानी गर्नु हुदैन । कमलामाई कम्प्युटर सपलाइ देहायबमोजिमको रकम भुक्तानी गर्दा उक्त सपले कोटेसनमा कवुल गरेको दरभन्दा बढी दरमा भुक्तानी गरेकोले बढि भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

| भौ.न/मिति | विवरण | कवोल दर | भुक्तानी दर | बढी भुक्तानी |
|---|---|---|---|---|
| १०१/०७७.३.२५ | Dell desktop with monitor | ७५००० | ७९९९७ | ४९९७ |
| १०६/२०७७.३.२६ | Dell desktop with monitor | ७५००० | ८७४३० | १२४३० |
| | | | जम्मा | १७४२७ |

६४. **सामग्री हस्तान्तरणः** खरिद गरिएका सामग्रीहरु जुन प्रयोजनका लागि खरिद गरीएका हुन सो प्रयोजनमा प्रयोग गर्नुपर्दछ ।पालिकाले भौ.नं. ८५/२०७७।०३।२२ बाट रु.१,४७,२४९/- स्वास्थ्य संस्थाहरुका लागि भनी वि.पि.इन्सटुमेन्ट, किट्नी ट्रे जस्ता स्वास्थ्य सामग्री तथा औजारहरु खरिद गरी पालिकामा दाखिला गरेको छ । स्वास्थ्य चौकीहरुका लागि खरिद गरिएका सामग्रीहरु हस्तान्तरण नगरी हालसम्म पालिकामै मौज्दात राखेको रु.

१४७२४९.००

६५. **सोलार खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने

व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा २०६४ को नियम ८४ मा रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म लागत अनुमान भएको खरिद कार्य सिलबन्दी दरभाउपत्रबाट खरिद गर्ने व्यवस्था छ । तर पालिकाले देहायबमोजिमका सोलार सम्बन्धी सामानहरु सिलबन्दी दरभाउपत्रबाट खरिद गर्न सकिनेमा आर्थिक वर्षको अन्त्यमा आएर सोझै खरिद गरेको नियमसम्मत नदेखिएको रु. १२५४०००.००

| भौ.न/मिति | आपुर्तक | भुक्तानी रकम | बजेट शिर्षक |
|---|---|---|---|
| ६७/२०७७।०३।१० | कानुन इन्टरप्राइजेज उदयपुर | ४९७००० | संघ ससर्तबाट |
| ६८/२०७७।०३।१० | सुनकोशी सोलार सप्लायर्स गाइघाट | ४९७००० | संघ ससर्तबाट |
| ६९/२०७७।०३।१० | त्रियुगा इन्टरप्राइजेज | १६९००० | संघ ससर्तबाट |
| २३ | त्रियुगा इन्टरप्राइजेज | ९१००० | गाउँपालिका पुर्जीगत |
| | जम्मा | १२,५४,०००/- | |

६६. **सम्झौताभन्दा बढी भुक्तानीः** पालिका र कानुन इन्टरप्राइजेज बिच २०७७।०२।२८ र सुनकोसी सप्लायर्स बिच २०७७।०२।३० मा भएको द्विपक्षिय सम्झौता बमोजिम दोस्रो पक्ष अर्थात आपुर्तकले वारेन्टी सेवा स्पेसिफिकेसनमा तोके बमोजिम र ६ महिनासम्म मर्मत सेवा निशुल्क रुपमा दिनुपर्ने उल्लेख छ । तर पालिकाले कानुन इन्टरप्राइजेज लाई भौ.नं. ६७/२०७७।०३।१० मा रु.४,९७,०००/- भुक्तानी दिदाँ रु.६,७८०/- र सुनकोशी सोलार सप्लायर्सलाइ भौ.न. ६८/२०७७।०३।१० बाट रु.४,९७,०००/- भुक्तानी दिदाँ रु.६,७८०/- गरी जम्मा रु.१३,५६०/- विक्री पछिको सेवा भनी भुक्तानी दिएको छ । आपुर्तकसँग ६ महिना निशुल्क मर्मत सेवा दिने भनी सम्झौता गरेपश्चात पनि पालिकाले निशुल्क पाउने सेवाको भुक्तानी दिएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु. १३५६०.००

६७. **लम सम ढुवानीः** सार्वजनिक खरिद नियामावली,२०६४ को नियम १४ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स तथा दररेट अनुसार दर विश्लेषण गरी आइटमको दर निर्धारण गर्नुपर्ने व्यवस्था छ । पालिकाले निर्माण सँग सम्बन्धित विभिन्न योजनाको लागत अनुमान तयार गर्दा निर्माण सामग्री ढुवानी तथा विविध भनी लमसम(एकमुष्ट) मा राख्ने गरेको पाइयो । निर्माण सामग्रीको परिमाण, तौल तथा निर्माण स्थलसम्मको दुरीको आधारमा ढुवानी लागत तय गर्नुपर्ने वा निर्माणको आइटम दरमा नै ढुवानी तथा विविध कार्यको लागत विश्लेषण गरी समावेश गर्नुपर्नेमा यसरी एकमुष्ट लागत समावेश गर्ने कार्य उपयुक्त नदेखिएकोले यसमा सुधार हुनुपर्दछ । लमसम ढुवानी तथा अन्य लागत समावेश भएका केही उदाहरण निम्नानुसार छनः-

| भौ.न./मिति | योजनाको नाम | कुल खर्च | ढुवानी रकम | अन्य रकम | लमसमको कुल रकम | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १३/०७७।१।३० | तिनखोप्रे लिफ्ट खानेपानी योजना | १०,८६,४४०/- | २,१२,०००/- | ० | २,१२,०००/- | १९.५१ |
| ११९/०७७।३।२९ | आर.सि.सि भवन निर्माण | ३१,५०,८३८/- | १,५०,०००/- | २२,०००/- | १,७२,०००/- | ५.४५ |

**गत आर्थिक वर्षको नगद मौज्दात र बाँकी योजनाः**

६८. ग्रमिण विद्युतिकरण सुनकोशी गाउँपालिका वडा नं ३ र ५ नामक ठेक्काको लागि आर्थिक वर्ष २०७५।७६ मा मजदुर शेराकाल जे.भी काठमाडौँसँग रु.१,४६,८५,७६२/५० मा सम्झौता भएकोमा चालु आ.व २०७६।७७ मा भौ.न.८/२०७६।०७।१९ बाट १७,००,०००/- गत आ.व.को पेश्की फछ्यौट गरी रु.८२,७०,६६८/- भुक्तानी दिएको छ । सो सम्वन्धमा देखिएका व्यहोराहरु देहायबमोजिम छनः

६८.१. **घटी कार्यसम्पादन जमानतः** सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा ४

बमोजिम कार्यसम्पादन जमानत दाखिला गर्दा बोलपत्रदाताले लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अङ्क कबुल गरेमा कबुल अङ्कको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अंकको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत वापत दाखिला गर्नु पर्ने व्यवस्था छ ।उल्लेखित ठेक्कामा निर्माण व्यवसायीले २३.४४ प्रतिशत घटीमा ठेक्का पारेको र निजले नियमानुसार रु. २३,५४,८४२/- को कार्यसम्पादन जमानत राख्नुपर्नेमा नेपाल बंगलादेश बैकबाट जारी भएको रु.१९,०९,५००/- मात्रको कार्यसम्पादन जमानत पेश भएकोले घटी कार्यसम्पादन जमानत थप गर्नुपर्ने रु.

४४५३४२.००

६९. **बढी भुक्तानीः** भौ.नं.७/२०७६।०६।१५ बाट विद्युत विस्तार वडा नं ४ उपभोक्ता समितिलाई पहिलो रनिङ विलवापतको रकम रु.३२,७६,१४२/- भुक्तानी दिदाँ देहायबमोजिमका आइटमहरुमा पालिकाको २०७६।७७ को भ्याट सहितको स्विकृत दरमा पुनः भ्याट जोडी विजक जारी गरि दोहोरो भ्याट भुक्तानी भएको रकम असुल हुनुपर्ने रु .

२५७६१८.००

| सप्लायर्सको नाम | सामानको विवरण | पालिकाको भ्याट सहितको स्वीकृत दर | पालिकाले भ्याटसहितको भुक्तानी दिएको दर | बढी भुक्तानी |
|---|---|---|---|---|
| सोहन इलेक्ट्रिकल एण्ड सप्लायर्स सुनसरी | कपर वाण्डेड डिस्ट्रीव्युसन ट्रान्सफर्मर ११/०४ के.भि.ए. २०१९-१००-११-२०४८ | ५९०६०० | ६६७३७८ | ७६७७८ |
| | ३ फेज ट्रान्फरमर १०० के.भि.ए. लो लस | ३७३००० | ४२१४९० | ४८४९० |
| | ११ मी. फुल ग्यालभनाइज एस.टी.पि. पोल( २५ थानको प्रतिथान रु.२२९८७ को दरले) | ५७४६७५ | ६४९३८३ | ७४७०८ |
| | ३०० एम.एम. ग्याभनाइज च्यानल (७६ थान को प्रतिथान रु. ३००० को दरले भुक्तानी दिएको ) | २२८००० | २५७६४० | २९६४० |
| | २४०० एम एम ग्यालभनाइज च्यानल (२० थानको प्रतिथान रु.६००० का दरले ) | १२०००० | १३५६०० | १५६०० |
| | ३०० एम एम ग्यालभनाइज च्यानल ( १०६ थानको प्रतिथान रु.९०० का दरले ) | ९५४०० | १०७८०२ | १२४०२ |
| | | | जम्मा | २,५७,६१८/- |

७०. **अन्य निकायको खर्चः** स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुरुप तोकिएको कार्यमा खर्च गर्नुपर्दछ । कार्यालयले निम्नलिखित मिति र भौचरबाट विभिन्न अन्य निकायका लागि विभिन्न कार्यमा रु. ९०,०००/- खर्च लेखेको पाइयो। उक्त निकायलाई सम्बन्धित तालुक निकायबाट समेत बजेट विनियोजन भई आउने हुँदा यसरी गरीएको खर्च दोहोरो पर्न सक्ने हुँदा अन्य निकायको खर्च व्यहोर्ने प्रवृति उपयुक्त देखिदैन ।

| गो भौ नं र मिति | निकाय | व्यहोरा | रकम |
|---|---|---|---|
| १९/२०७७/०३/१० | प्रहरी चौकी, दुम्जा | मौला पुजा | १५,०००/- |
| | प्रहरी चौकी, रातामाटा | मौला पुजा | १५,०००/- |
| | सशस्त्र प्रहरी वल नेपाल सिन्धुली | मौला पुजा | २०,०००/- |
| | इलाका प्रहरी चौकी खुर्कोट | मौला पुजा | १५,०००/- |
| | जिल्ला प्रहरी कार्यालय सिन्धुली | मौला पुजा | २५,०००/- |

| | | |
|---|---|---|
| | जम्मा ९०,०००/- | |
| ७१. | **कमेरे गिद्दे लिफ्ट खानेपानी निर्माण योजनाः** भौ.न.१८/२०७७।०१।३० बाट पालिकाले कमेरे गिद्दे लिफ्ट खानेपानी निर्माण गरेवापत उपभोक्ता समितिलाई रु.१८,१०,९१४/- भुक्तानी गरेको छ । सो सम्वन्धमा देखिएका व्यहोराहरु देहायबमोजिम छन् | |
| ७१.१. | बिल भर्पाइ वेगर भुक्तानीः आर्थिक कार्यविधि ऐन, २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चका बिल भर्पाइ सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले Trasportation with Electrical Transportation वापतको रु.३,००,०००/- बिल भर्पाइ वेगर भुक्तानी दिएकोले बिल भर्पाइ पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | ३०००००.०० |
| ७१.२. | लमसममा राखिएको आइटमहरुको लागत अनुमान तथा सम्झौतामा तोकिएभन्दा बढी रकम भुक्तानी दिनु हुदैन । पालिका र उपभोक्ता समितीबिचको सम्झौतामा सो आयोजनामा लाग्ने दक्ष जनशक्तिको ज्यालाका लागि प्रतिव्यक्ति रु.१२०० का दरले ५० जनाको लागि लमसममा रु.६०,०००/- लाग्ने उल्लेख छ । तर पालिकाले कार्यसम्पन्न पश्चात ६९ जना दक्ष जनशक्ति को प्रतिव्यक्ति रु.१२०० को दरले जम्मा रु.८२,८००/- भुक्तानी गरेको पाइयो । यसरी लमसममा राखिएको आइटम लागत अनुमान तथा सम्झौतामा तोकिएभन्दा बढी भुक्तानी दिएको रकम असुल हुनुपर्ने रु. | २२८००.०० |
| ७२. | **स्वीकृत दरभन्दा बढी भुक्तानीः** सार्वजनिक खरिद ऐन २०६४ को नियम १० मा सार्वजनिक निकायले स्विकृत गरेको नर्म्सका आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.न.१९/२०७७।०१।३० बाट लिफ्ट खानेपानी सिँचाइ साँधी उपभोक्ता समितिलाइ विद्युतीय कार्य अन्तर्गत D Iron shakle कार्यका लागि पालिकाको स्वीकृत दर प्रतिसेट रु.२०० रहेकोमा पालिकाबाट भुक्तानी हुँदा प्रतिसेट रु.३७०० का दरले २ सेटको भुक्तानी भएको देखिएकोले बढि भुक्तानी रकम असुल हुनुपर्ने रु. | ७०००.०० |
| ७३. | **स्वीकृत दरभन्दा बढी भुक्तानीः** सार्वजनिक खरिद ऐन २०६४ को नियम १० मा सार्वजनिक निकायले स्विकृत गरेको नर्म्सका आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.न.२२/२०७७।०२।१३ बाट वडा नं.१ मा विद्युत विस्तार कार्य गरेवापत विद्युत विस्तार उपभोक्ता समिति वडा नं. १ लाई ACSR Conductor 50 mm rabbit को भुक्तानी दिदाँ पालिकाको स्वीकृत दररेट प्रति कि.मि. रु.५५,९१६/- राखी भुक्तानी दिनुपर्नेमा रु.५६,५००/- राखी १२ कि.मि को बढी भुक्तानी दिएको रकम असुल हुनुपर्ने रु. | ७००८.०० |
| | प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फः | |
| ७४. | **प्रधानमन्त्री रोजगार कार्यक्रमः** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत नगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेका बेरोजगारहरुको तथ्याकं अद्यावधिक गरी उपलब्ध स्रोत साधन तथा बजेटको अधिकतम सदुपयोग हुनेगरी स्थानीय तहभित्रका वडाहरुमा सडक निर्माण तथा मर्मत, सिंचाई कुलो निर्माण तथा मर्मत लगायतका १९ योजना सञ्चालन गरी यस वर्ष ६२० जनालाई रोजगारी उपलव्ध गराई रु. २५,१६,४९६/- खर्च गरेको छ । पालिकाले लक्षित वर्गलाई ३० दिनदेखि ११५ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ७४.१. | वडा नं. ७ अन्तर्गतको धोविखोला गैरीगाँउ मझुवा चालिसे नागी सडकको ड्रेन खन्ने कार्यका | |

लागि पालिकाले भौ.न.११७/२०७७।०३।२८ बाट रु.२,००,०००/- भुक्तानी दिएको छ । मानिसद्धारा ड्रेन खन्ने कार्यका लागि पालिकाको स्विकृत दर रु.४१२ प्रतिघनमिटर रहेकोमा लागत अनुमान तथा कार्यसम्पन्न प्रतिवेदनमा प्रतिघनमिटर रु.८२४ राखी भुक्तानी दिएको पाइयो । प्रतिघनमिटर रु. ४१२ का दरले २४३ घनमिटरको रु.१००११६ भुक्तानी हुनुपर्नेमा रु.२,००,०००/- भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.९९,८८४/- असुल हुनुपर्ने रु. ९९८८४.००

**स्थानीय तह प्रकोप व्यवस्थापन कोष खातातर्फः**

७५. **कोभिड-१९ तर्फः** आ.व २०७६।७७ को आषाढ मसान्तसम्म कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छ।

| आम्दानी स्रोत | रकम रु | खर्च शिर्षक | रकम रु |
|---|---|---|---|
| स्थानीय तहको आफ्नै बजेटबाट | ७७५७३६३ | राहत वितरण | ६०७८९०५ |
| संघीय कोभिड कोषबाट | २९२२१९१ | क्वारिन्टिन होल्डीङ सेन्टर निर्माण व्यवस्थापन | ३६९१९७ |
| प्रदेश कोभिड कोषबाट | १०००००० | आइसोलेसन केन्द्र निर्माण व्यवस्थापन | ५००००० |
| | | औषधी एवम स्वास्थ्य उपकरण तथा सामग्री खरिद | १०५२०५७ |
| | | अन्य शिर्षक | २९४८४५ |
| **जम्मा** | **११६७९५५४** | **जम्मा** | **८२९५००४** |

कोभिड-१९ मा गाउँपालिकाबाट भएको खर्चको श्रेस्ता परीक्षणबाट निम्न व्यहोरा देखिएका छन्:

पालिकाले मिति २०७७।०१।२१ मा पालिकाको सुचना पाटी तथा वेभसाइडमा ५ दिने सुचना प्रकाशन गरी चामल, दाल, खानेतेल, नुन र साबुन को प्रतिकिलो, प्रतिलिटर, प्रतिपोका र प्रतिगोटाको गोप्य सिलबन्दी मार्फत दररेट माग गरेकोमा विभिन्न ३ सप्लायर्सले दररेट पेश गरेको मध्ये न्युन दर कवोल गर्ने कल्पवृक्ष निर्माण सेवा एण्ड सप्लायर्स सिन्धुली लाई छनोट गरी सोही सप्लायर्स सँग रु. ५६,१६,९७५/- बराबरको राहत सामग्री खरिद गरी वितरण गरेको छ भने बाँकी सामग्रीहरु सोझै खरिद गरेको छ।

**गाउँपालिका चालुतर्फः**

७६. **गत आर्थिक वर्षको भुक्तानीः** पालिकाले देहायका विद्यालयहरुका शिक्षकहरुको नाममा २०७६ सालको वैशाख,जेठ र आषाढको छुट तलब भनी भौ.न. १८-२०७६।०६।०७ मा रु.४,२३,०००/- निकासा दिएको छ ।२०७६ सालको प्रथम चौमासिकको तलब भत्ता माग गर्दा विद्यालयले गत आ.व.को छुट तलबको माग फारम समेत संलग्न गरेको छैन ।यसरी गत वर्षको दायित्व भुक्तानी गर्दा भुक्तानी बाँकीको कच्चाबारी प्रमाणित नगरी पालिकाले भुक्तानी दिएको देहायबमोजिमको रकम नियमसम्मत नदेखिएको रु.

| विद्यालयको नाम | शिक्षकको नाम | माग गरिएको रकम | भुक्तानी रकम | गत वर्षका छुट भनी मागभन्दा बढी निकासा दिएको रकम |
|---|---|---|---|---|
| कालिका आ.वि बन्दिपुर | अनामिका रसन सुनुवार | ११८८०० | १८९३०० | ७०५०० |
| पन्चकन्या मावि घुमाउने चैनपुर | केशववहादुर तोलाङ्गे | ११८८०० | १८९३०० | ७०५०० |
| चण्डेश्वरी निमावि चैनपुर | यज्ञराज कोइराला | ११८८०० | १८९३०० | ७०५०० |
| विनायक आवि कालीमाटी | विश्म्भर प्याकुरेल | ११८८०० | १८९३०० | ७०५०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कपिलेश्वर आवि ढुङगेचौर | दिपक देवकोटा | ११८८०० | १८९३०० | ७०५०० | |
| | आवि काशीखर्क | गंगाकुमारी थापा | ११८८०० | १८९३०० | ७०५०० | |
| | | | | जम्मा | ४२३०००/- | |

| | | |
|---|---|---|
| | **गाउँपालिकाबाट थप विनियोजित योजना तथा कार्यक्रमः** | |
| ७७. | **घटी कार्यः** पालिकाले गणेस्थान देखि कालिमाटी सडक मर्मत उपभोक्ता समितिलाई सडक मर्मत कार्य गरेवापत भौ.नं. ४/२०७६।०८।२३ बाट रु.९,९९,२८४/- भुक्तानी दिएको छ । सो सम्बन्धमा देखिएका व्यहोराहरु देहायबमोजिम छनः | |
| ७७.१. | मानिसबाट कुलो खन्ने कार्यका लागि पालिकाको स्विकृत दर प्रतिघनमिटर रु.४१२ रहेकोमा प्रतिघनमिटर रु.८२४ का दरले १२० घनमिटर कार्यका लागि रु. ९८,८८०/-भुक्तानी दिएको छ । स्वीकृत दरभन्दा रु.४१२ ले १२० घनमिटरको रु.४९,४४०/- वढी भुक्तानी दिएको रकम असुल हुनुपर्ने रु. | ४९४४०.०० |
| ७७.२. | Carrying out the construction operations of granular 15 cm sub-base with naturally available river gravel aggregates कार्यका लागि पालिकाले प्रति वर्ग मिटर रु.२६३.१८ का दरले २१०० वर्ग मिटर कार्यका लागि रु.५,५२,६७८/- भुक्तानि दिएको छ । सो कार्यको विल भर्पाइ परीक्षण गर्दा **Red soil** को प्रति वर्ग मिटरको रु.५.२८ र **Roller** को प्रति वर्ग मिटरको रु.१९.५० को कार्य गरेको नपाइएकोले घटी कार्य गरेको प्रति वर्ग मिटर रु.२४.७८ को दरले २१०० वर्ग मिटरको रु.५२,०३८/- बढी भुक्तानी रकम असुल हुनुपर्ने रु. | ५२०३८.०० |
| ७८. | **घटी करकट्टी दाखिलाः** भौ.न.२२/२०७७।३।२६ बाट भेटेटार रुपाटार वालुवा आपँघारी खानेपानी उपभोक्ता समितिलाई रु.५,५७,३७१/- भुक्तानी गर्दा भ्याट बाहेकको विजक रु.३,७२,७६१/- मा अग्रिम आयकर रु.५,५९२/- कट्टा गरी भुक्तानी गर्नुपर्नेमा रु.३,७२८/- मात्र कट्टा गरी भुक्तानी दिएकोले कम करकट्टी रकम असुल गरी राजश्व खातामा दाखिल गर्नुपर्ने रु. | १८६४.०० |
| | **स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रमः** | |
| ७९. | **बन्दिपुर सुर्के कोटगाँउ भोर्लेनी भुसुने ज्यामिरे सडक निर्माणः** पालिकाले रु.७६,४८,६३२.८४ को लागत अनुमान तयार गरी टेन्डर प्रकृयाबाट कार्य गर्न सुचना प्रकाशन गरेकोमा ११ वटा बोलपत्र पेश भइ सबैभन्दा घटी कवुल गर्ने निर्माण व्यवसायी कोशी निर्माण सेवासँग २०७७/०३/१५ मा काम सम्पन्न गर्ने गरी २०७६/१२/०४ मा रु.३३,०४,९९०.१९(५७ प्रतिशत घटी) को सम्झौता भएको थियो । सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छनः | |
| ७९.१. | सम्झौताबमोजिम २०७७।३।१५ भित्रमा सम्झौताअनुसारको कार्य गरिसक्नुपर्नेमा निर्माण व्यवसायीले २०७७/०३/०६ सम्ममा रु.१५,४३,९४०/-(कन्टिनजेन्सी बाहेक) बरावरको मात्र कार्य गरेकोमा पालिकाले कार्यसम्पन्न प्रतिवेदन तयार गरी सोहीबमोजिम भुक्तानी भएको छ । यसरी सम्झौता अनुसारको सम्पुर्ण काम पुरा नगरी निर्माण व्यवसायीलाई कार्यसम्पन्न प्रतिवेदन दिनु उपयुक्त देखिएन । कार्य सम्पन्न हुन बाँकी रहेको रकम रु.१७,६१,०५०.१९ मिति २०७७/०३/२७ मा कोरोना रोग रोकथाम तथा नियन्त्रण उपचार कोषमा रकम ट्रान्फर गरेको छ । | |
| ७९.२. | निर्माण व्यवसायिलाई भुक्तानी गर्दा सम्झौता तथा वि.ओ.क्यु मा उल्लेखित परिमाण र दर अनुसार भुक्तानी हुनुपर्दछ । देहायका कार्यमा वि.ओ.क्यु. मा उल्लेखित अनुपात भन्दा फरक अनुपातमा कार्य भएको देखाइ कम दर भएको कार्य कम तथा बढी दर भएको कार्य बढी भएको भनी सोहीबमोजिम भुक्तानी भएको हुँदा सम्झौता भन्दा बढी भुक्तानी भएको रु.३,९३,९९१/- मा १३ प्रतिशतले हुने मुल्य अभिवृद्धि कर रु.५१,२१९/- समेत रु.४,४५,२१०/- असुल हुनुपर्ने रु. | ४४५२१०.०० |

| कामको विवरण | वि.ओ.क्यु. अनुसारको अनुपात (प्रतिशत) | वि.ओ.क्यु.अनुसार भुक्तानी हुनुपर्ने परिमाण | दर | भुक्तानी हुनुपर्ने रकम | भुक्तानी भएको रकम | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| नरम प्रकारको माटो | ६९.१५ | २२९८३ | २० | ४५९६६० | १९७०१९ | (२६२६४१) |
| कडा प्रकारको माटो | २०.८५ | ६९३० | ५० | ३४६५०० | ७०११८१ | ३५४६८१ |
| नरम प्रकारको ढुङ्गा | १० | ३३२३.३५ | ५० | १६६१६७ | ४६८११८ | ३०१९५१ |
| | | | जम्मा | ९७२३२७ | १३६६३१८ | ३९३९९१ |

८०. **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर शसर्ततर्फ रु ८,४९,३६६/- चालुतर्फ रु.१३,००,०००/- को औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोरा देहायअनुसार छनः

८०.१. खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

८०.२. आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

८०.३. आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

८०.४. औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

८०.५. औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

**फलफुल तथा तरकारी मूल्य श्रृङ्खला विकास आयोजना (vcdp) तर्फः**

८१. **बढी दरबाट भुक्तानीः** निर्माण कार्यको भुक्तानी गर्दा स्वीकृत दररेट तथा दर विश्लेषणबाट तय भएको दर अनुसार गर्नुपर्दछ। भौ.नं. २० मिति २०७७/०२/०८ मा कृषि उपज संकलन केन्द्र निर्माण वापत कृषि उपज संकलन केन्द्र निर्माण उपभोक्ता समितिलाई पालिकाबाट स्वीकृत दरभन्दा बढी दरबाट भुक्तानी भएको असुल हुनुपर्ने रु. २८११७.००

| विवरण | परिमाण (वर्गमिटर) | पालिकाको दररेट | कार्यसम्पन्न बमोजिमको भुक्तानी दररेट | बढी दररेट | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| Punning Work on Floor 1:1 | १५.६४ | ३०२.२० | २१०० | १७९७.८ | २८११७ |

८२. **बहाल कर र अग्रिम कर कट्टी नगरेकोः** भौ.नं.११ मिति २०७६/११/०२ बाट कृषि

| | | |
|---|---|---|
| | कार्यक्रमअन्तर्गत टनेल बनाउने तालिममा कृषि शाखाका ना प्रा स प्रदिप श्रेष्ठ लाई रु.४०,०००/- बिल अनुसारको भुक्तानी गरीएकोमा ढुवानीवापत रु ६,०००/- भुक्तानीमा बहाल कर कट्टी नगरीएको रु.६००/- र भौ.नं.२९ मिति २०७७/०३/३१ बाट कृषि सामाग्री खरीद वापत कृषि शाखाका ना प्रा स प्रदिप श्रेष्ठ लाई रु.९९,९६०/- भुक्तानीमा खरीद सामाग्रीको अग्रिम कर कट्टी नगरेको रु १५०० रकम सम्बन्धितबाट असुल गरि दाखिला हुनुपर्ने रु. | २१००.०० |
| | **प्रदेश पुर्वाधार विकास कार्यक्रम तर्फः** | |
| ८३. | **प्रोभिजनल सम बाहेकको रकम राखी सम्झौता भएकोः** पालिकाले प्रोभिजनल सम समेतको लागत अनुमान तयार गरेकोमा सम्झौता गर्दा **BOQ** मा समावेश सवै आइटमलाई गणना गरी एकमुष्ट सम्झौता गर्नुपर्नेमा प्रोभिजनल सम आइटम बाहेकको रकममा मु.अ.कर थप गरी सम्झौता गरेको देखियो ।यसरी सम्झौता गर्दा प्रोभिजनल सम समेतको कुल रकम समावेश गरी सम्झौता गर्नु पर्दछ । | |

| आयोजनाको नाम | **BOQ** मा उल्लेख भएको पि.एस सहितको रकम | सम्झौता रकम |
|---|---|---|
| सामुदायिक स्वास्थ्य इकाई वडा नं१ र ७ निर्माण | ४७०६७५७.०५ | ४६३९५५७.०५ |

| | | |
|---|---|---|
| | **चालुतर्फः** | |
| ८४. | **बढी तलब भुक्तानीः** निजामती सेवा ऐन, २०४९ को दफा ७(ख२) अनुसार जिल्ला स्थित कार्यालयका निजामती कर्मचारीहरुको तलब भुक्तानी गर्दा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पास गरेको तलबी प्रतिवेदनका आधारमा गर्नु पर्दछ। सहायक पाँचौमा पदमा कार्यरत श्री मिलन दाहालको को.ले.नि.का. बाट पास भएको तलबी प्रतिवेदनमा उल्लेखित ग्रेडमा श्रावणदेखि माघसम्म २ ग्रेडको मासिक रु १८८० र फागुनदेखि आषाढसम्म ३ ग्रेडको भुक्तानी रु २८२० हुनुपर्नेमा श्रावणदेखि माघसम्म ३ ग्रेड र फागुनदेखि आषाढसम्म ४ ग्रेड अनुसार भुक्तानी भएकोले १२ महिना र चाडपर्व खर्चवापत १ ग्रेड बराबरको बढी भुक्तानी रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु. | १२२२०.०० |
| ८५. | **बढी तलब भुक्तानीः** निजामती सेवा ऐन, २०४९ को दफा ७(ख२) अनुसार जिल्ला स्थित कार्यालयका निजामती कर्मचारीहरुको तलब भुक्तानी गर्दा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पास गरेको तलबी प्रतिवेदनका आधारमा गर्नु पर्दछ। सहायक पाँचौमा पदमा कार्यरत श्री गायत्री दाहालको को.ले.नि.का. बाट पास भएको तलबी प्रतिवेदनमा उल्लेखित ग्रेडमा श्रावणदेखि मंसिरसम्म २ ग्रेडको मासिक रु.१,८८० र मंसिरदेखि आषाढसम्म ३ ग्रेडको भुक्तानी रु.२,८२० हुनुपर्नेमा श्रावणदेखि मंसिरसम्म ३ ग्रेड र पुषदेखि आषाढसम्म ४ ग्रेड अनुसार भुक्तानी भएकोले १२ महिना र चाडपर्व खर्चवापत १ ग्रेड बराबरको बढी भुक्तानी रकम सम्वन्धितबाट असुल हुनुपर्ने रु. | १२२२०.०० |
| ८६. | **बहाल कर कट्टी नगरेकोः** भौ.नं. ४२ मिति २०७७।०६।१४ मा कार्यालयको विभिन्न सामाग्री ढुवानी वापत रु.५५,००० भुक्तानी दिएकोमा वहाल कर रु.४,६७५ कट्टी गर्नुपर्नेमा रु.८२५ मात्र कट्टी गरेकोले नपुग कट्टी रकम दाखिला गर्नुपर्ने रु. | ४६७५.०० |
| ८७. | **भरपाई वेगर भुक्तानीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ।पालिकाका कम्प्युटर अपरेटरहरुलाई तालिम सञ्चालन वापत सु.प्र.अ. श्री सिद्धार्थ श्रेष्ठलाई बिलभरपाई अनुसार रु.१,५२,०००/- भुक्तानी दिएकोमा कार्यालय सहयोगी श्री कुमारी सरस्वती प्याकुरेललाई सहयोगी भत्ता २ दिनको रु.१,१८०/- भुक्तानी भएको भरपाईमा हस्ताक्षर नभएको र सम्वन्धित कर्मचारीले उक्त भत्ता | |

नलिएको जनाएको हुदा बढी भुक्तानी भएको कर बाहेकको रकम सम्बन्धित सु.प्र.अ. सिद्धार्थ श्रेष्ठबाट असुल गर्नुपर्ने रु. **१००३.००**

८८. **बिल वेगर भुक्तानीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। देहायबमोजिमको भौचर र मितिबाट पालिकाका वडा सचिवहरुलाई वडाको प्रशासनिक खर्च भुक्तानी गर्दा बिल भरपाई भन्दा बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु. **५६०३.००**

| भौ नं। मिति | भुक्तानी पाउने | भुक्तानी रकम | बिल भरपाई | बढी भुक्तानी |
|---|---|---|---|---|
| २७०।२०७६।११।६ | वडा नं ३ वडा सचिव उद्धवराज गिरी | ६०००० | ५८०९७ | १९०३ |
| २७७।२०७६।११।७ | वडा नं १ वडा सचिव रमेश थापा | २०००० | १७५०० | २५०० |
| ५५६।२०७७।३।२५ | वडा नं १ वडा सचिव रमेश थापा | ४०००० | ३८८०० | १२०० |
| जम्मा | | | | ५,६०३/- |

८९. **बिल वेगर भुक्तानीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। भौ नं ५८९ मिति २०७७।०३।२८ मा सुनकोशी गाउँपालिका कृषक पहिचान तथा वर्गीकरण कार्यविधि, २०७७ तथा कृषक परिचयपत्र छपाइ गरे वापतको भिजन सेन्चुरी इन्स्टीच्युट प्रा.लि. लाइ रु ४,९८,३३०/- भुक्तानी दिएकोमा परिचयपत्र दाखिला नभएको तथा परिचयपत्र वितरण भरपाई संलग्न नभएको हुँदा परिचयपत्र वितरण भरपाई पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. **४९८३३०.००**

९०. **मौजुदा सुचिमा नरहेका परामर्शदाताबाट खरीदः** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ७२ अनुसार सार्वजनिक निकायले रु.२० लाख रुपैयाभन्दा कम रकमको परामर्श सेवा ऐनको दफा ६ (क) बमोजिमको मौजुदा सुचिमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरीद गर्न सकिने व्यवस्था छ। पालिकाले देहायबमोजिम सुचिकृत नभएका संस्थाबाट परामर्श सेवा वापत भुक्तानी गरेको देखियो । यस्ता परामर्शदाताहरुलाई नियमानुसार सुचिकृत गरी अद्यावधिक गर्नुपर्दछ ।

| भौ नं । मिति | परामर्शदाताको नाम | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ८३।२०७६।०७।१८ | एरोनेट प्रा ली | पालिकाको ६ वटा वडामा इन्टरनेट सेवा प्रदान | ४९३८९५ |
| ४०।२०७६।०६।१४ | आइ एम फेन्सी स्टोर्स एण्ड सप्लायर्स | कार्यालय सामग्री खरीद | ४२६५० |
| | | जम्मा | ५,३६,५४५/- |

९१. **कार्यालयमै रहेको अवधिमा भ्रमण खर्चः** भ्रमण खर्च नियमावली २०६४ को नियम ३(१) मा भ्रमण आदेश वा निर्णय विना भ्रमण खर्च गर्ने गरी भ्रमण गर्ने वा काजमा जान हुदैन भन्ने उल्लेख छ। काज भ्रमण अवधि र कार्यालयको हाजिरी अभिलेख नमूना परीक्षण गर्दा देहायका कर्मचारीहरु कार्यालय बाहिर कामकाजको लागि भ्रमण आदेश स्वीकृत गरी काजमा रहेको उल्लेख गरेकोमा निजहरु उक्त अवधिमा कार्यालयमा नै रहेको हाजिरी अभिलेखबाट पाइयो ।त्यसैगरी सार्वजनिक बिदाको दिनमा समेत भ्रमण खर्च भुक्तानी भएको देखियो। यसरी कार्यालयमै रहेको अवधि तथा सार्वजनिक बिदाको दिनमा भ्रमण खर्च बिल भुक्तानी भएको

देखिएकोले अन्य अवधिको समेत यकिन गरी सो वापत भुक्तानी भएको रकम असुल हुनुपर्ने रु. ४९५००.००

| सि नं | भ्रमण गर्ने पदाधिकारी | भ्रमण अवधि | भुक्तानी रकम रु |
|---|---|---|---|
| १ | श्री नारायण प्रसाद कोइराला | २०७६।०६।०२देखी २०७६।०६।०५ | ५८०० |
| | श्री नारायण प्रसाद कोइराला | २०७६।०७।०६ देखी २०७६।०७।१२ तिहार बिदामा काज | १०६०० |
| २ | श्री जनक राज दाहाल | २०७६।०५।१० देखी २०७६।०५।१५ | ८१०० |
| ३ | श्री शान्ता पोखरेल | २०७६।०७।०६ देखी २०७६।०७।१२ तिहार बिदामा काज | ७५०० |
| ४ | श्री डण्डापानी भण्डारी | २०७६।१२।१०१ देखी २०७६।१२।१७ | ७५०० |
| ५ | श्री विकास सुन्दास | २०७७।०१।१३ देखी २०७७।०१।१९ | १०००० |
| | जम्मा | | ४९,५००/- |

९२. **सूचना प्रकाशनमा छुटः** सार्वजनिक निकायले सूचना प्रकाशन गर्दा प्रकाशन गृहले छुट दिने व्यवस्था गरेको छ । प्रति सि.सि रु.१४००/- का दरले प्रायः एडभर्टाइजिङ्ग एजेन्सीहरुले विभिन्न राष्ट्रिय स्तरका पत्रिकाहरुमा सूचना प्रकाशन गरे वापत ति पत्रिकाहरुले छुने छुट १५ प्रतिशत देखी २५ प्रतिशत सम्म हुने गरेको छ। तर पालिकाले देहायका एडभर्टाइजिङ्ग एजेन्सीहरुसँग विभिन्न राष्ट्रिय स्तरका पत्रिकाहरुमा सूचना प्रकाशन गर्दा छुट लिएको देखिएन । सूचना प्रकाशनका लागि प्रकाशन गृहहरुको मौजुदा सूचि तयार पारी तोकीएको प्रतिशतमा छुट दिनेसँग मात्र सूचना प्रकाशनको काम गर्नु पर्दछ।

| भौ.नं. र मिति | एजेन्सीको नाम | सूचना प्रकाशित पत्रिका | भूक्तानी रकम |
|---|---|---|---|
| १६९/२०७६/०९/०३ | स्माइल एडभर्टाइजिङ्ग प्रा.लि. | नयाँ पत्रिका | १३२८८० |
| ४३३/२०७७/०२/२६ | स्माइल एडभर्टाइजिङ्ग प्रा.लि. | नयाँ पत्रिका | १००८०० |
| जम्मा | | | २,३३,६८०/- |

९३. **तथ्याङ्क गणकको नियुक्ति र भुक्तानीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। भौ.नं. २२२ मिति २०७६/१०/१६ बाट अल्पसंख्यक सम्बन्धी कार्यक्रमका लागि अ.स.ई.जनकराज दाहाललाई रु.२,२२,१४५/- पेश्की दिएकोमा भौ.नं. ६०४ मिति २०७७।०३।२९ मा पेश्की फछ्यौट गर्दा तथ्याङ्क संकलनका लागि ३ जना गणक नियुक्ति गरी प्रतिव्यक्ति रु.३६,०००/- का दरले जम्मा रु १०८००० पारिश्रमिक खर्च भएकोमा तथ्याङ्क गणकको नियुक्तीपत्र, कार्यविवरण तथा पारिश्रमिक बुझेको भरपाई पेश नभएकोले नियुक्तिपत्र एवं पारिश्रमिक बुझेको भरपाई पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. १०८०००.००

९४. **जिन्सी आम्दानी नबाँधिएकोः** भौ.नं.४१४ मिति २०७७/०२/२० बाट पालिका अन्तर्गत रहेका स्वास्थ्य चौकीमा निःशुल्क औषधि वितरण गर्नका लागि हेल्पिङ हेल्थ पोलिक्लिनिक प्रा.लि.बाट रु.८,००,०००/- को ३८ प्रकारका विभिन्न औषधि खरीद गरीएकोमा औषधिको जिन्सी दाखिला प्रतिवेदन पेश गरीएको भएपनि उक्त प्रतिवेदनमा जिन्सी खाता पाना नं. उल्लेख नभएको तथा जिन्सी खाता समेत लेखापरीक्षणमा पेश नभएकोले उक्त औषधिको अवस्था बारे एकिन गर्न सकिएन। तसर्थ जिन्सी खाता तथा खर्च बारे यथार्थ प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. ८०००००.००

९५. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा एउटै आपूर्तिकर्तासंग एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई निम्नानुसार भौचर नं र मितिबाट सोझै खरिद गरेको नियमसम्मत नदेखिएकोले नियममा भएको व्यवस्था अनुरुप खरिद गर्नुपर्दछ ।

| भौ न मिति | आपूर्तक | विवरण | रकम |
|---|---|---|---|
| ४०।२०७६।०६।१४ | खुसी बुक्स एण्ड स्टेशनरी | मसलन्द तथा कार्यालय सामाग्री | २,६८,४४५/- |
| ४०।२०७६।०६।१४ | सफल नेपाल अपसेट प्रेस | मसलन्द तथा कार्यालय सामाग्री | १,८४,२४३/- |
| १५४।२०७६।०९।०२ | सफल नेपाल अपसेट प्रेस | मसलन्द तथा कार्यालय सामाग्री | २,५७,७५८/- |
| १६२।२०७६।०९।०३ | खुसी बुक्स एण्ड स्टेशनरी | मसलन्द तथा कार्यालय सामाग्री | २,२१,७३४/- |
| २७८।२०७६।११।०७ | कमलामाई कम्प्युटर सप | मसलन्द तथा कार्यालय सामाग्री | १,६४,८६७/- |
| ३०३।२०७६।११।२० | सफल नेपाल अपसेट प्रेस | मसलन्द तथा कार्यालय सामाग्री | १,४२,३८०/- |
| जम्मा | | | १२,३९,४२७/- |

**सामाजिक सुरक्षातर्फ**

९६. **सामाजिक सुरक्षा-** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानिय निकायको हुने व्यवस्था गरेको छ । पालिकामा सामाजिक सुरक्षा भत्ता वितरण व्यवस्थित बनाउन घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता व्यवस्थापन प्रणाली **MIS System** लागु गरीएको छैन। भरपाई वितरणहरु शुद्ध र पुर्ण रुपमा प्रविष्टि नगरेको कारणले प्रणालीको माध्यमबाट निकालिएको भरपाईको वितरणमा पनि शुद्धता पाइएन । मृत्यु भएका व्यक्तिको पनि भरपाईमा नाम नहटाएको जस्तो समस्या देखिएको हुँदा अद्यावधिक विवरण विश्वसनिय भए नभएको र गलत लाभग्राही भए नभएको कुरा एकिन हुन सकिएन ।

९७. **नगद वितरणः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २२ मा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयको स्वीकृति विना हातहातै नगद वितरण गर्न पाइने छैन भन्ने व्यवस्था गरेको छ । कार्यालयले सामाजिक सुरक्षा भत्ताको रकम वडा सचिवहरुलाई पेश्की दिई सचिवहरुले हातहातै लाभग्राहीहरुलाई वितरण गरेको देखिन्छ । हातहातै नगद वितरण गरी औठाछाप लगाएको भरपाईको आधारमा पेश्की फछ्यौट गर्ने गरेको छ ।कार्यालयले हातहातै नगद वितरण गर्न नपाइने व्यवस्था गर्दा गर्दै पनि नगद वितरण गरेबाट कार्यविधिको पालना नभएको देखिएकोले यथाशिघ्र यस्ता कार्य बन्द गरी

लाभग्राहीको बैंक खातामार्फत मात्र रकम वितरण गर्ने व्यवस्था गर्नुपर्दछ ।

९८. **पेश्की बाँकी:** वडा सचिव उद्धवराज गिरीले आ.व.२०७५/७६ मा सामाजिक सुरक्षा वापत रु.१८,८२,२००/- पेश्की लिएकोमा उक्त आ.व. मा बेरुजु कायम हुँदा रु.१८,०१,०००/- मात्र बेरुजु कायम हुन गएको र उक्त पेश्की मध्ये रु.१८,०१,०००/- को भरपाई पेश तथा रु.४०,८००/- दाखिला भौचर पेश भई रु.१८,४१,८००/- फछ्यौट भएको देखियो। पेश्की लगेको रकम मध्ये रु.४०,४००/- फछ्यौट हुन बाँकी नै देखिएको हुँदा सो रकम सम्बन्धित वडा सचिवबाट असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु. ४०४००.००

**विपद् व्यवस्थापन**

९९. **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको/समिति गठन भएतापनि ६ वटा बैठक बसी कोरोना रोकथाम तथा नियन्त्रण सम्बन्धि राहत वितरण तथा सहायता सम्बन्धि कार्य गरेको छ। ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।

१००. **पेश्की बाँकी -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा पेश्की दिने र फछ्यौट गर्ने सम्बन्धी व्यवस्था छ ।आर्थिक वर्षको अन्त्यसम्म पनि देहायबमोजिमका भौचर र मितिमा लिएको पेश्की फछ्यौट नभएकोले नियमानुसार फछ्यौट हुनुपर्ने रु. २००००००.००

| भौ.नै. र मिति | पेश्की लिने कर्मचारी ।उपभोक्ता समिति | पेश्की रकम | कैफियत |
|---|---|---|---|
| **गाउँपालिका पुँजिगतः** | | | |
| ३७/२०७७/०३/३१ | आर।बिसिद्धार्थ कन्स्ट्रक्सन प्रा.ली | २०,००,०००/- | निर्माण व्यवसायी पेश्की |
| जम्मा | | २०,००,०००/- | |

१०१. **अनुगमन तथा सम्परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा वेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत वर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

(रु.हजारमा)

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| ७,४७,३७ | २,३५,२९ | ५,१२,०८ |

१०१.१. यस वर्ष फछ्यौंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्यौंटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | २०७५/७६ | ५०.२ | सामाजिक सुरक्षा रकम असुल भई आएको | ८००० | | | | ८००० |
| २ | २०७५/७६ | ५९ | दैनिक भ्रमण भत्ता असुल भई आएको | ३६०० | | | | ३६०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ३ | २०७५/७६ | ६८ | आ.व.२०७५/७६ को सामाजिक सुरक्षा पेश्की बाँकी फछ्यौट | | | | १९३६८४०० | १९३६८४०० |
| | ४ | २०७५/७६ | ६८ | विद्युत विस्तार उ.स. वडा नं.४ को विद्युत विस्तार सम्बन्धी पेश्की बाँकी फछ्यौट | | | | १०००००० | १०००००० |
| | ५ | २०७५/७६ | ६८ | मजदुर शेराकाली जे.भी.ले विद्युत विस्तार सम्बन्धी पेश गरेको विलभरपाई र कार्यसम्पन्न प्रतिवेदनको आधारमा पेश्की फछ्यौट भएको | | | | १७००००० | १७००००० |
| | ६ | २०७५/७६ | ६८ | विद्युत विस्तार उ.स. वडा नं.१ ले विद्युत विस्तार सम्बन्धी पेश गरेको विलभरपाई र कार्यसम्पन्न प्रतिवेदनको आधारमा पेश्की फछ्यौट भएको | | | | ४५०००० | ४५०००० |
| | ७ | २०७५/७६ | ६८ | जिल्ला लघुउद्यमी समुह संघले पेश गरेको विलभरपाइ कार्यसम्पन्न प्रतिवेदको आधारमा पेश्की फछ्यौट भएको | | | | ३९६००० | ३९६००० |
| | ८ | २०७५/७६ | ६८ | भद्रकाली/जगतमैया/नमोबुद्ध जे.भीले भवननिर्माण सम्बन्धी पेश गरेको विल भरपाइ र कार्यसम्पन्न प्रतिवेदनको आधारमा पेश्की फछ्यौट भएको | | | | ६०३०२९ | ६०३०२९ |
| | | जम्मा | | | ११६०० | | | २३५१७४२९ | २३५२९०२९ |

१०२. **अद्यावधिक बेरुजु** - यस पालिकाको २०७६।७७ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ :

(रु.हजारमा)

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | यो वर्ष कायम बेरुजू (C) | संपरीक्षणबाट कायम बेरुजू (D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ७,४७,३७ | २,३५,२९ | ३,१६,०७ | ० | ८,२८,१५ |

<u>लेखापरीक्षण टोली</u>

(निरा काफ्ले)
**लेखापरीक्षण अधिकारी**

(सिर्जना भण्डारी)
**लेखापरीक्षण अधिकारी**

(गोविन्द प्रसाद धमला)
**लेखापरीक्षण अधिकारी**